जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक १६८ • २०८१ साल कार्त्तिक २९ गते बिहीबार (14 November, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## तिलकमा २ सय ५१ जना जाने

**टुडे समाचारदाता**

जनकपुरधाम । जानकी मन्दिर र मधेश प्रदेश सरकार अयोध्या तिलक पठाउने कार्यक्रमबाट अलग्गिए पनि विश्व हिन्दू परिषद् नेपाल जनकपुरधामले युवा कमिटी, नागरिक समाजहरुको सहभागितामा मंसिर १ गते तिलक लग्ने निर्णय गरेको छ ।

विश्व हिन्दू परिषद् धनुषाका अध्यक्ष सन्तोष साहको अध्यक्षतामा बुधबार सम्पन्न बैठकले १ गते बिहान तिलक लिएर प्रस्थान गर्ने र रात्री विश्राम बारा जिल्लाको गढीमाईम ागर्ने निर्णय गरेको छ। तिलक लिएर जाने समुह २ गते अयोध्या पुग्ने र ३ गते तिलक सहित जानकी मन्दिरको पत्र विश्व हिन्दू परिषदका महासचिव राजेन्द्र सिंह पंकजको अगुवाईमा चम्पत रायलाई हस्तांतरण गरिने बताइएको छ ।

विश्व हिन्दू परिषद् को सक्रियतामा विगत वर्ष झैँ यस वर्ष पनि सामुहिक विवाह हुने छ। छैठौँपटक हुन लागेको सामूहिक विवाहमा ५१ जोडी युवायुवतीहरुको सहभागिता रहने छ। जनकपुरधामलाई धार्मिक पर्यटकीय नगरीको रुपमा विकासका लागि प्रचारप्रसार गरिने बताइएको छ।

### महिला क्रिकेटरले इतिहास रचे

# यूएईलाई हराउँदै नेपाली महिला क्रिकेट यू-१९ को विश्वकपमा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालको यू-१९ महिला क्रिकेट टिमले इतिहास रच्दै विश्वकप क्रिकेट प्रतियोगिताका लागि छनोट भएको छ।

१९ वर्ष मुनिको महिला क्रिकेट टोली पहिलो पटक यू-१९ विश्वकपमा छनोट भएको छ। यूएईमा जारी एशिया छनोटको निर्णायक खेलमा बुधवार आयोजक यूएईलाई ८ विकेटले पराजित गर्दै युवा महिला टोलीले इतिहास रचेको हो।

आत्मविश्वासले पूर्ण महिला क्रिकेट टीमले बुधबारको खेलमा जीवन मृत्युको दाउ लगाएका थिए । आयोजक यूएईले दिएको ८४ रनको लक्ष्यलाई नेपालले १४.४ ओभरमै पुरा गऱ्यो । नेपालका खेलाडीहरुले नेट रनरेटको आधारमा विश्वकपमा पुग्न १६.२ ओभरमा जित हात पार्नुपर्ने बाध्यता थियो । तर नेपाली खेलाडीहरुले त्यो लक्ष्यलाई आवश्यक ओभरसम्म नपुग्दै भेटाए।

टस जितेर आयोजक यूएईले पहिलो व्याटिंग रोजेका थिए। राम्रो सुरुवात गरेको युएई टीमले भने घरेलु मैदान अजमान क्रिकेट ग्राउण्डमा ८३ रन मात्र जोड्न सके। यूएईले पूरै २० ओभर खेलेर ९ विकेटको क्षतिमा ८३ रन मात्र बनाउन सक्यो। नेपालको तर्फबाट कृष्णा गुरुङले ४ विकेट तथा रिया शर्मा र सिमाना केसीले २/२ विकेट लिए। कप्तान पूजा महतोले विकेट हात पार्न नसकेपनि उनको कसिलो बलिंगले ब्याट्सम्यानलाई रन बनाउनबाट रोकेको थियो। उनले ४ ओभरमा ११ रन मात्र दिइन्।

त्यो लक्ष्य नेपालका लागि सहज थिएन। तर कप्तान पूजा महतोको कुशल नेतृत्वले लक्ष्यलाई भेट्न धेरै ओभर मैदानमा रहनु परेन।

पहिलो लिगमा यूएईसँग पराजित भइसकेकोले नेपाललाई विजय मात्र नभई उत्कृष्ट रन रेटसहितको जित आवश्यक थियो। यस्तोमा युवा नेपाली क्रिकेटरहरूले बलिङ र व्याटिङमा राम्रो प्रदर्शन गर्दै जित निकालेका हुन्। नेपाली क्रिकेट टोलीले विश्वकप खेल्ने अवसर आगामी वर्षमा पाउने छ। दोस्रो विश्वकप यू-१९ मलेसियामा हुनेछ। १६ राष्ट्रले भाग लिने विश्वकपमा नेपालले एशिया क्षेत्रको प्रतिनिधित्व गर्ने छ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)ले अन्डर-१९ उमेरसमूहमा महिला विश्वकप सुरु गरेको यो दोस्रो संस्करण हो।

यूएईकी मुख्य व्याट्सम्यान लावण्या केनीलाई आउट गरेसंगै नेपालले विजयको आधार तयार गरेको थियो। नेपालकी रचना कुमारी चौधरीले ६.१ ओभरमा १० रन बनाएर खेलिरहेकी लावण्यालाई बोल्ड गरेकी थिइन्। रचनाले आफ्नो पहिलो



बलमा नै विकेट लिएकी हुन्।

यसअघि दोस्रो ओभरको अन्तिम बलमा ओपनर इमिली थोमसलाई कृष्मा गुरुङले विकेटकीपर सावित्री धामीबाट क्याच आउट गराएकी थिइन्। एक पटक यूएईले खेलमा पकड जमाएको थियो। तर १४औं ओभरमा रिया शर्माले २ विकेट लिँदै यूएईलाई ठूलो स्कोर बनाउन रोकिन्।

१४ ओभरमा २ विकेटको क्षतिमा ५७ रन बनाएको यूएईलाई रियाले ओभरको चौथो बलमा तेस्रो विकेटको रूपमा रिनिथा रजिथलाई आउट गरिन्। उनले २० रन बनाएर खेलिरहेकी रिनिथालाई रियाले १३.४ ओभरमा बोल्ड गरिन्। रिनिथाले नेपालसँगको पहिलो खेलमा सर्वाधिक ४८ रन बनाएकी थिइन्। त्यसपछि ओभरको अन्तिम बलमा रियाले मेहक ठाकुरलाई कृष्मा गुरुङबाट क्याच आउट गराइन्। ५९ रनमा ४ विकेट गुमाएको यूएईका लागि कप्तान समाइरा धारनीधार्काले ४८ बलमा सर्वाधिक ३१ रन बनाएकी थिइन्। उनलाई कृष्मा गुरुङले १७.२ ओभरमा बोल्ड गरेकी थिइन्।


नेपाली टिमका लागि खेत जित्न मात्र नभई नेट रन रेटको आधारमा आवश्यक थियो। १७ ओभरमै म्याच जित्नु पर्ने लक्ष्यलाई नेपाली खेलाडीहरुले राम्ररी बुझेर आक्रामक सुरुवात गरे। तर तेस्रो ओभरमा १२ रन बनाएर सावित्री धामी आउट भएपछि १९ रन बनेको थियो। त्यसपछि कप्तान पूजा महतो र सामा प्रवीणले मिलेर तीव्र गतिमा रन जोड्न थाले। सातौँ ओभरमा नेपाल ४७/१ को बलियो अवस्थामा पुगेको थियो।

तर सातौँ ओभरको अन्तिम बलमा पूजा एलबीडब्ल्यू भएपछि रनको गति कमजोर भएको थियो। ४ चौका ठोकेर १८ रन बनाइसकेकी पूजालाई मेहक ठाकुरले एलबीडब्ल्यू गराइन्।यस अघिको खेलमा कप्तान पुजाले नटआउट १ सय ३० रन बनाएर ५ विकेटपनि लिएकी थिइन्।

तर त्यसपछि सामा प्रवीन र उपकप्तान सोनी पाखिनले धैर्यपूर्ण पारी खेल्दै नेपाललाई सहज जित तिर उन्मुख गराए। सामाले ३५ रनको अविजित पारी खेलिन् भने सोनीले १३ रन बनाएर उनलाई साथ दिइन्। नेपालको जितलाई सामा र सोनीले मिलेर सहज बनाए।





# रामगोपालपुर- २ को वडाअध्यक्षमा माओवादीबाट आइती यादव उम्मेदवार

टुडे समाचारदाता

जनकपुरधाम । स्थानीय तहको उपनिर्वाचन नजिकिएसंगै महोत्तरीको रामगोपालपुर नगरपालिकामा चहलपहल बढेको छ । आगामी मंसिर १६ गते उपनिर्वाचन हुने भएपछि रामगोपालपुर नगरपालिका-२ मा विभिन्न राजनीतिक दलको चहलपहल बढेको छ ।

नेकपा माओवादी केन्द्रबाट निर्वाचित भएका रामगोपालपुर नगरपालिका-२ का वडाअध्यक्षमा मुकेश कुमार यादवको मृत्यु भएपछि रित्त सो स्थानमा अर्को व्यक्तिलाई ल्याउनका लागि माओवादीका नेताहरुको चहलपहल बढेको छ ।

अहिलेसम्म सो ठाउँमा वडाअध्यक्षको लागि माओवादी केन्द्रले मात्रै आधिकारिक रुपमा उम्मेदवार घोषणा गर्दै घरदैलौ अभियान पनि सुरु गरिसकेको छ । तर अन्य दलहरू भने अहिलेसम्म औपचारिक रुपमा उम्मेदवारको नामसमेत घोषणा गर्न सकेका छैनन् ।




दुई दिन अगाडि माओवादी केन्द्रले रामगोपालपुर नगरपालिका -२ स्थित मोहनपुरमा आयोजना गरेको पार्टी प्रवेश तथा उम्मेदवार घोषणा कार्यक्रममा वडाअध्यक्षको उम्मेदवारको घोषणा गरेको छ । माओवादीले उपनिर्वाचनमा रामगोपालपुर नगरपालिका २ का उम्मेदवारमा निर्वाचित वडाअध्यक्ष स्वर्गीय मुकेश कुमार यादवको श्रीमती आइती कुमारी यादवलाई नै उम्मेदवारको रुपमा अघि सार्दै आकांक्षी उम्मेदवारको घोषणा गरेको छ ।

सो कार्यक्रममा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, मधेश प्रदेशका इन्चार्ज लीलामणि पोखरेल, मधेश प्रदेशका पूर्वअर्थ मन्त्री भरतप्रसाद साह, जिल्ला इन्चार्ज राजु खड्कालगायत पार्टीका कार्यकर्ताको सहभागिता रहेको थियो ।

यता नेकपा एमालेले अहिलेसम्म सो क्षेत्रमा आधिकारिक उम्मेदवार घोषणा नगरे पनि घरदैलो अभियानलाई भने तीव्रता दिएको छ ।

त्यस्तै जसपा नेपालले पनि वडाअध्यक्षको उपनिर्वाचनमा घरदैलो अभियान थालेको छ । पूर्व स्वास्थ्य तथा जनसंख्या राज्य मन्त्री डा.सुरेन्द्र कुमार यादवलगायतका नेता तथा कार्यकर्ताहरु घरदैलोमा व्यस्त छन् ।

दुई महिनाअघि मोटरसाइकल दुर्घटनामा वडाध्यक्ष मुकेश यादवको मृत्यु भएपछि उपनिर्वाचन हुन लागेको छ । रामगोपालपुर नगरपालिकामा रहेको ९ वडामध्ये प्रमुख, उपप्रमुखसहित वडा नं. ३,४ र ७ मा एमाले वडाध्यक्ष जितेको छ भने माओवादी केन्द्रले वडा नं. १, २, ८ र ९ मा जितेको छ ।

गत निर्वाचनमा वडा नं. २ मा मुकेश कुमार यादव ४३३ मत पाएर वडाअध्यक्षमा निर्वाचित भएका थिए भने उनका प्रतिस्पर्धीहरू कांग्रेसका मोहोम्मद जनिफ खाँले ३७५ र जसपा नेपालका सकिबुल खाँले ३४२ मत प्राप्त गरेका थिए ।

माओवादी केन्द्रले यसअघि निर्वाचित मुकेशकै श्रीमती आइती कुमारी यादव, नेपाली कांग्रेसले मोहम्मद जनिफ खाँ, एमालेले सकिबुल खाँलाई उम्मेदवार बनाउने भनिए पनि नाम भने घोषणा गरिएको छैन । त्यस्तै जनता समाजवादी पार्टी नेपालको तर्फबाट नजामुदिन खानलाई उम्मेदवार बनाउने तयारी रहेको जनाइएको छ ।

सो वडामा २ हजार २ सय मतदाता रहेको छ ।

# ‘कांग्रेस सरकारमा रहेको अनुभूति हुने गरी काम गर्छौं’

टुडे समाचारदाता

जनकपुरधाम । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले कांग्रेस सरकारमा रहेको अनुभूति हुने गरी काम गर्ने बताएका छन् ।

जनकपुरधाममा बुधबार मन्त्री सिंहले राजनीतिक स्थिरताका लागि अहिलेको गठबन्धन बनेको बताउँदै सरकारले नागरिकको चाहना अनुसार नै काम गर्ने बताए ।

उनले राजनीतिक स्थायित्व बिना विकास र समृद्धि सम्भव नरहेको बताए ।

मन्त्री सिंहले कांग्रेस-एमाले गठबन्धनले स्थिरतासंगै विकास निर्माणलाई प्राथमिकतामा राखेको समेत बताए । अहिलेको चुनौतीको सामना गर्न सक्नेगरी कांग्रेस पार्टीलाई व्यवस्थित गर्नुपर्ने उनले बताए । प्रदेशले राम्रो काम गरे पार्टी बलियो हुने भन्दै उनले कांग्रेस पार्टीको मधेश प्रदेश समितिलाई संगठन निर्माणमा सक्रिय गर्नका लागि निर्देशन दिए ।



त्यस्तै सहरी विकास मन्त्रालयले निर्माण गरेको मिथिला अन्तःगृह परिक्रमा विश्रामस्थल तथा सभाहल उद्घाटन कार्यक्रममा मन्त्री सिंहले सेवा प्रवाहलाई सहज बनाउन निर्देशन दिए ।

नागरिकलाई सहज रूपमा सेवा दिन कर्मचारीलाई मन्त्री सिंहले निर्देशन दिएका छन् । मन्त्री सिंहले भने, ‘जनतालाई अनावश्यक रूपमा दुःख दिने काम तपाईहरूबाट नहोस् । सहरी विकास मन्त्रालयबाट गर्नुपर्ने जति कामहरू छन्, छिटोछरितो र सहज रूपमा गर्नुहोला ।’

मन्त्री सिंहले कर्मचारीलाई निर्देशन दिँदै भने, ‘योजना तय गर्दा आवश्यक पर्ने पूर्वाधारहरूलाई प्राथमिकताका राखेर स्थानीय, प्रदेश र संघका जनप्रतिनिधिहरू सबैसँग सल्लाह गरेर काम अघि बढाउनु होला ।’

# बालविवाह मुक्त वडा घोषणा




टुडे समाचारदाता

राजविराज । सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नम्बर ४ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ ।

छिन्नामस्तामा बुधबार एक कार्यक्रमबीच सो वडालाई बालविवाह वडा मुक्त घोषणा गरिएको छ । नेपालको कानुनले विवाह गर्ने उपयुक्त उमेर २० वर्षलाई तोकेको छ ।

बालविवाह वडा मुक्त वडा घोषणा गर्न सेभ द सप्तरी, सेभ द चिल्ड्रेन, गाउँपालिका र वडा कार्यालयद्वारा बालविवाह मुक्त अभियान संचालन निर्देशिका २०८० बमोजिम गरिएका विभिन्न कार्यक्रम, अभियान र प्रयास पश्चात् १२ बुँदे स्पष्ट सूचक प्राप्त भएकाले त्यसैकै आधारमा यस्तो घोषणा गरिएको वडाअध्यक्ष सुर्यनारायण यादवले जानकारी दिए ।

भ द सप्तरीका परियोजना संयोजक विष्णुकान्त देवले जनाए अनुसार सो वडामा बसोवास गर्दै आएका विभिन्न समुदायका प्रतिनिधि, अगुवा, पुरोहित, मौलाना, मायनजन लगायतले वडामा बालविवाह हुन नदिने प्रतिबद्धता समेत जनाएका छन् ।

> अभिभावकले समेत सन्तानको उमेर नपुगि बालविवाह नगर्ने, नगराउने, कतै भए भोजभतेरमा सामेल नहुने, अवरोध पुऱ्याउने प्रतिवद्धता जनाएका छन् ।

अभिभावकले समेत सन्तानको उमेर नपुगि बालविवाह नगर्ने, नगराउने, कतै भए भोजभतेरमा सामेल नहुने, अवरोध पुऱ्याउने प्रतिवद्धता जनाएका छन् । बाालविवाह मुक्त वडा लेखिएको ब्यानर पढेर घोषणा सभाको उद्घाटन गरेका कार्यक्रममा पूर्वभूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपानेले बालविवाहले निम्त्याउने स्वास्थ्य, पारिवारिक, सामाजिक तथा आर्थिक समस्या बारे चर्चा गर्दै यसलाई रोक्न सबैले आ-आफ्नो टोल र समुदायमा सक्रिय रहनु पर्नेमा जोड दिए ।

सेभ द सप्तरीका अध्यक्ष धुब देवले बालविवाह मुक्त वडाको रुपमा पहिचान बनाउन सफल भएकोमा वडावासीलाई बधाई दिँदै यसलाई कायम राख्न सबै पक्षको सहयोग र सक्रियता उत्तिकै अपरिहार्य रहेको बताए । बालविवाह मुक्त वडा घोषणा

सो कार्यक्रममा छिन्नमस्ता गाउँपालिका उपाध्यक्ष राजुदेवी यादव, सल्लाहकार तेजनारायण यादव, सेभ द सप्तरीका फिल्ड अधिकृत मुकेशकुमार मण्डल लगायत विभिन्न व्यक्तित्वहरुले शुभकामना दिए ।

# धान उत्पादनमा वृद्धि हुने अनुमान

टुडे समाचारदाता

जनकपुरधाम । यसपटक धान उत्पादनमा वृद्धि हुने भएको छ । मधेश प्रदेशको हरेक जिल्लामा गत वर्षको भन्दा यस वर्ष मनग्य धान उत्पादन हुने अनुमान भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गरेको छ ।

विगत वर्षभन्दा यस वर्ष दुई लाख पाँच हजार २५१ मेट्रिक टन बढी धान उत्पादन हुने मन्त्रालयले जनाएको छ ।

गत आर्थिक वर्ष २०८०/०८१ मा १२ लाख ९६ हजार ६०७ मेट्रिक टन धान उत्पादन भएको थियो भने चालु आर्थिक वर्ष २०८१/०८२ मा १५ लाख दुई हजार ४५८ मेट्रिक टन धान उत्पादन हुने अनुमान रहेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता तथा वरिष्ठ कृषि प्रसार अधिकृत रोशनकुमार मेहताले जानकारी दिए ।

गत वर्षभन्दा यस वर्षमा पाँच हजार २६४ दशमलव पाँच हेक्टर क्षेत्रफल बढीमा धानबाली लगाएको प्रवक्ता मेहताले बताए । आर्थिक वर्ष ०८०/०८१ मा ३ लाख ७० हजार ३५० हेक्टर क्षेत्रफलमा धानबाली लगाएको थियो भने चालु आर्थिक वर्षमा तीन लाख ७५ हजार ६१४ दशमलव पाँच हेक्टर क्षेत्रफलमा धान रोपाई भएको छ ।

धानबाली लगाएको क्षेत्रफल र उत्पादन हुने अनुमान गरिएको आधारमा चालु वर्षमा ०.५ मेट्रिक टन प्रतिहेक्टर धान उत्पादनमा वृद्धि हुने भएको छ ।



गत वर्ष ३ दशमलव ५० मेट्रिक टन प्रतिहेक्टर धान उत्पादन भएको थियो । यस वर्ष प्रति हेक्टर ४ मेट्रिक टन धान उत्पादन हुने उनको भनाइ छ ।

धानबाली रोपेको क्षेत्रफलको हिसाबले सबैभन्दा बढी सप्तरीमा ६५ हजार २८० हेक्टर क्षेत्रफलमा रोपाई भएको छ । सप्तरीमा २ लाख ६१ हजार १२० मेट्रिक टन धान उत्पादन हुनेछ भने सबैभन्दा कम रौतहटमा ३७ हजार ६२० हेक्टर क्षेत्रफलमा धान रोपाई भएको छ । रौतहटमा रोपिएको धानबालीबाट एक लाख ५० हजार ४८० मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको उनले बताए ।

मधेश प्रदेशको पर्सामा ४६ हजार १८७ हेक्टर क्षेत्रफलमा रोपेको धानबालीबाट एक लाख ८४ हजार ७४९ दशमलव मेट्रिक टन धान उत्पादन हुनेछ ।

त्यस्तै रौतहटमा ३७ हजार ६२० हेक्टर क्षेत्रफलबाट एक लाख ५० हजार ४८०, सर्लाहीमा ४५ हजार ५४० हेक्टर क्षेत्रफल धानबालीबाट एक लाख ८२ हजार १६० मेट्रिक टन, धनुषामा ४१ हजार ५६५ हेक्टर क्षेत्रफल धानबालीबाट एक लाख ६६ हजार २६० मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ ।

त्यस्तै महोत्तरीमा ४१ हजार ९४२ दशमलव पाँच हेक्टर क्षेत्रफलमा लगाएको धानबालीबाट १ लाख ६७ हजार ७७० मेट्रिक टन, सिरहामा ५२ हजार ३८० हेक्टर क्षेत्रफलबाट २ लाख ९ हजार ५२० मेट्रिक टन, सप्तरीमा ६५ हजार २८० हेक्टर क्षेत्रफलमा २ लाख ६१ हजार १२० मेट्रिक टन, र बारामा ४५ हजार ९९ दशमलव ६ हेक्टर क्षेत्रफलले एक लाख ८० हजार ३९८ दशमलव ४ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ ।

यसपटक प्राकृतिक वर्षातले खेतीका लागि किसानलाई साथ दिएकै कारण अनुकुलताकै आधारमा धान रोपाई पनि भएको छ भने धान उत्पादनमा पनि वृद्धि हुने अनुमान गरिएको छ ।

तर बेमौसमी वर्षाले लगाएको धानवालीमा केही क्षति पुऱ्याए पनि उत्पादनमा भने विगतभन्दा बढी नै हुने मन्त्रालयले जनाएको छ ।

# तीन दिनमा २१ जना फरार अभियुक्त पक्राउ

टुडे समाचारदाता

राजविराज । सप्तरी प्रहरीले फरार अभियुक्तमाथि कडा निगरानी तथा अनुसन्धान बढाएसंगै विभिन्न अपराधका अभियुक्त पक्राउ पर्ने क्रम बढेको छ ।

केही दिनकै अवधिमा पक्राउ परेका २१ जना फरार प्रतिवादीको नाम जिल्ला प्रहरी कार्यालय सप्तरीले बुधवार सार्वजनिक गरेको छ ।

अपराध घटनाको अनुसन्धान तथा अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा फरार रहेकाहरुलाई खोजी कार्यलाई तीव्रता दिन थालेपछि धमाधम पक्राउ पर्न थालेको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।

पछिल्लो तीन दिनमा पक्राउ पर्नेहरुमा कुटपिटका सर्वाधिक १२ जना छन् । त्यस्तै कुटपिट र चोरीका २/२ तथा जबर्जस्ती करणी, जालसाजी, गाली बेइज्जत, सवारी ज्यान, ज्यान मार्ने उधोगका १/१ अभियुक्त रहेका छन् ।

पक्राउ परेकाहरुबाट ५ वर्ष ६ महिना कैद सजाय वसुलका लागि कारागार चलान गरिएको छ ।

१ लाख २४ हजार १ सय ५० रुपैयाँ जरिवान समेत असुल गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

विगतका वर्षहरु भन्दा यस वर्ष फरार अभियुक्तको सूचीमा रहेका अधिकांश व्यक्तिहरु पक्राउ परेको प्रहरी तथ्यांकले देखाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले यसअघि चालु आर्थिक वर्ष २०८१/०८२ को असोज देखि कार्तिक १७ सम्म (जम्मा ३० दिन) एक महिनाको सार्वजनिक मासिक प्रतिवेदनमा ६६ जनालाई पक्राउ गरेको छ । जसबाट ३ लाख ३१ हजार ८ सय ६१ रुपैया जरिवाना तथा ४ वर्ष २ महिना ११ दिन कैद भुक्तानका लागी कारागार चलान गरिएको थियो ।

यस बाहेक प्रहरीको फरार सूचीमा अहिले ३ हजारको हाराहारीमा अभियुक्त रहेका छन् । फरार अभियुक्तको खोजी कार्य तीब्र बनाइएको प्रहरीको भनाइ छ । फरार अभियुक्त पक्राउ गरी फैसला कार्यान्वयन गर्दा प्रहरीले राजश्व रकम समेत बढाएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोश्रो पटक प्रकाशित मितिः २०८१/०७/२९ गते**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७१/०३/०५ गतेको पत्रबाट स्वीकृती प्राप्त भई साविक कम्पनी स्वस्तिक ईङ्गलिस बोर्डिङ्ग स्कुल जनकपुर प्रा.लि (Swostik English Boarding School Janakpur Pvt.Ltd) प्रा.लि. दर्ता नं. १२३७४६/७०/०७१ को नाममा रहेको सम्पूर्ण चल र अचल सम्पत्ति तथा तिर्नुपर्ने ऋण धन, कर, दायित्व आदि परिवर्तित नामको स्वस्तिक ईङ्गलिस बोर्डिङ्ग स्कूल प्रा. लि. (Swastik English Boarding School Pvt. Ltd.) ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

## तपाईको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : धन वृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाही सदरमुकाम मलङ्गवामा बुधवार बिहान लागेको बाक्लो कुहिरो । तस्विर : रासस

# बरियारपुरका किसानलाई धान र उखु भित्र्याउन भ्याइनभ्याइ

कलैया । गढीमाई पञ्चवर्षीय मेलालाई लक्षित गरी बाराको बरियारपुरका किसानलाई धान तथ उखुबाली भित्र्याउन भ्याइनभ्याइ भएको छ ।



आगामी मङ्सिर १ गतेदेखि करिब एक हजार बिघामा सुरु हुने मेलामा करिब एक करोड भक्तजन आउने अनुमान गरिएको गढीमाई मेला व्यवस्थापन मूल समितिले जनाएको छ ।मेलालाई भव्य बनाउन समिति, महागढीमाई नगरपालिका, गढीमाई ट्रष्टसहित विभिन्न समितिले किसानलाई बाली यथाशीघ्र भित्र्याउने सूचना गरेकाले आफूहरु धमाधम धान कटाइमा लागेको गढीमाई-१ का किसान जीतेन्द्र गुप्ताले बताउनुभयो । परिवारको जनशक्तिबाट धान काटन सम्भव नभएपछि खेतला लगाएर कामलाई तीव्रता दिइएको उहाँले उल्लेख गर्नुभयो ।

बरियारपुर, मैनीभसिया टोला, सेमरा तेगछिया, इनर्वा, तेलकुवालगायत गाउँका किसानले खेतमा लगाइएको धान तथा उखुबाली काट्ने र भित्र्याउने कामलाई तीव्रता दिएका हुन् । मेलाप्रति सम्पूर्ण बरियारपुरवासीको मानसम्मानसँगै प्रतिष्ठासमेत जोडिएकाले निर्धारित समयमा बाली काटी खेत खाली गरेपछि मेला लाग्ने स्थान बनाउन सकिने भएकाले सम्पूर्ण किसानलाई काममा भ्याइनभ्याइ भएको महागढीमाई नगरपालिकाका प्रमुख उपेन्द्र यादवले बताउनुभयो ।

आगामी मङ्सिर २३ गते तान्त्रिक विधिबाट दिप प्रज्वलन गरी गढीमाई मन्दिरको पूर्वपट्टी रहेको ब्रम्हबाबाको मन्दिरमा पञ्च बलि दिएपछि मात्र बलिको सुरुवात हुने गरेको गढीमाई मन्दिरका मूल पुजारी मङ्गल चैधरीले जानकारी दिनुभयो ।

मेलाको सम्पूर्ण तयारी अगाडि बढाइरहेको मेला मूल समितिका अध्यक्षसमेत रहनुभएका नगरप्रमुख यादवले जानकारी दिँदै भारतसहित अन्य २० देखि २५ मुलुकका दर्शनार्थी मेलामा सहभागी हुने अपेक्षा गरिएको बताउनुभयो ।रासस

# भारतीय स्थल सेनाध्यक्ष द्विवेदी मङसिर ५ गते नेपाल भ्रमणमा आउँदै

काठमाण्डु । छिमेकी मुलुक भारतका स्थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदी आगामी मङ्सिर ५ गते पाँच दिवसीय नेपाल भ्रमणमा आउँदै हुनुहुन्छ । राष्ट्रपति एवं नेपाली सेनाका परमाधिपति रामचन्द्र पौडेलले त्यसअवसरमा उहाँलाई मङ्सिर ६ गते नेपाली सेनाको मानार्थ महारथीको सम्मान प्रदान गर्नुहुने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।



प्रधानमन्त्री केपी शर्मा ओली, रक्षामन्त्री मानवीर राई र समकक्षी प्रधानसेनापति अशोकराज सिग्देलसँग भारतीय सेनाध्यक्ष द्विवेदीले नेपाल भ्रमणका क्रममा भेटवार्ता गर्नुहुने छ । नेपाल भ्रमणका क्रममा सेनाध्यक्ष द्विवेदीले सैनिक मञ्च टुँडिखेलस्थित वीर स्मारकमा श्रद्धाञ्जली अर्पण र जङ्गी अड्डामा सम्मान गारतको निरीक्षण गर्नुहुने छ । उहाँले कमाण्ड तथा स्टाफ कलेजका शिक्षार्थीसँग अन्तक्रिया र पश्चिम पृतनाको भ्रमण गर्नुहुने कार्यसूची छ ।

प्रधानसेनापति सिग्देलको औपचारिक निमन्त्रणामा सेनाध्यक्ष द्विवेदी नेपाल भ्रमणमा आउन लाग्नुभएको हो । नेपाल र भारतबीच सन् १९५० देखि एक-अर्को देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्ने अनुपम परम्परा छ ।

यसअघि भारतका राष्ट्रपति रामनाथ कोविन्दले नेपालका तत्कालीन प्रधानसेनापति प्रभुराम शर्मालाई २०७८ कात्तिक २४ गते भारतीय स्थलसेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्नुभएको थियो ।छिमेकी देशका सेनाबीचको यस्तो सम्मान परम्पराले सम्बन्धलाई सुमधुर तुल्याउन र सौहार्दता कायम राख्न एउटा महत्वपूर्ण कडीका रुपमा भूमिका खेल्ने विश्वास गरिएको छ ।यसअघिका भारतीय स्थल सेनाध्यक्ष मनोज पाण्डेलाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २०७९ भदौ २० गते नेपाली सेनाको मानार्थ महारथी पद प्रदान गर्नुभएको थियो ।

सन् १९५० मा भारतका सेनाध्यक्ष जनरल केएम परिअप्पालाई पहिलो पटक नेपाली सेनाको मानार्थ महारथी प्रदान गरिएको थियो भने २०२६ सालमा तत्कालीन प्रधानसेनापति सुरेद्रबहादुर शाहलाई पनि पहिलो पटक भारतीय सेनाको मानार्थ महारथीबाट सुशोभित गरिएको थियो ।आदिम कालदेखि नै नेपाल र भारतबीच धार्मिक, साँस्कृतिक र भौगोलिक सम्बन्ध रहिआएको छ । खुला सीमाना र एकैखाले साँस्कृतिक सम्बन्धले पनि दुई देशीबीच जनस्तरमा समेत प्रगाढ सम्बन्ध बनाएको छ ।

नेपाल र भारतका सैनिक सङ्गठनको घनिष्ट सम्बन्धले राजनीतिक र कूटनीतिक तहमा बेलाबखत उठ्ने प्रश्न स्वतः हराउँदै जाने गरेको छ । विश्वमा उदाउँदो ठूलो प्रजातान्त्रिक मुलुक भारत तथा संसारकै पुरानो स्वतन्त्र राष्ट्र नेपाल र सेनाबीचको यो सम्बन्धले एक-अर्काप्रति विश्वास र भरोसा प्रदान गरेको छ ।

यस्ता विशिष्ट परम्पराले आपसी असमभ्फदारी र विवाद हटाउने सवालमा समेत महत्वपूर्ण भूमिका खेल्दैआएको छ । नेपाल र भारतका सैनिकबीच विभिन्न तह र तप्कामा हुँदै आएका सैन्य तालिमले प्राकृतिक विपत्तिमा एक-अर्कालाई सहयोग पुगिरहेको छ । लामो समयदेखि नेपाल र भारतबीच सञ्चालनमा रहेको 'सूर्यकिरण सैनिक अभ्यास'लाई एउटा दृष्टान्तका रुपमा लिन सकिन्छ ।नेपालमा २०७२ वैशाखमा गएको भूकम्पलगायत अन्य प्राकृतिक प्रकोपका समयमा भारतीय सैनिकले नेपाललाई गरेको सहयोग अविस्मरणीय छ । नेपाल र भारतबीच सैनिक तहमा स्थापित सम्बन्ध सैनिक कूटनीतिका क्षेत्रमा संसारकै लागि एउटा सशक्त उदाहरण बनिरहेको छ ।

नेपाल-भारतबीचको खुला सीमानाका कारण हुन सक्ने सुरक्षा चुनौतीलाई सम्बोधन गर्दै विश्वास र सहकार्यलाई अघि बढाउन मानार्थ महारथीको परम्पराले थप मलजल गरेको छ । नेपाल भ्रमणका क्रममा सेनाध्यक्ष द्विवेदीले पुशपतिनाथ र मुक्तिनाथको दर्शन गर्नुकासाथै पोखरा तथा सगरमाथा क्षेत्रको समेत अवलोकन भ्रमण गर्ने कार्यक्रम छ ।रासस

# नयाँ धान प्रयोगमा ल्याइन 'न्वागी' पूजा गरिँदै

महोत्तरी । हिन्दू परम्परामा नयाँ अन्न उपयोगमा ल्याउन होम गरिने चलन छ ।

यस वर्षको नयाँ धान थन्क्याएका किसानले यो अन्न उपयोगमा ल्याउन आज कात्तिक शुक्ल द्वादशीका दिन बुधबार ' न्वागी' खाने पूजाको तयारी गरेका छन् । घरघरमा उत्सवका रुपमा गरिने यो पूजा खास पर्वकै रुपमा मनाइन्छ ।



न्वागी खाने पूजासँग दुई चलन जोडिएको पाइन्छ । कात्तिक शुक्लपक्षको एकादशी अर्थात् हरिबोधनीको व्रत साङ्गतासँगै नयाँ अन्न होम गरेर चलनमा ल्याइने चलन हिन्दू परम्पराका पर्वते समुदायमा छ । यो चलनले पर्वते समुदायको सघन बसोबास रहेका महोत्तरीका बर्दिबास, गौशाला, औरही र भङ्गाहा नगरक्षेत्रका बस्तीमा आज न्वागी पूजाको तयारी छ ।

केही दशकअघिसम्म स्थानीय जातका धान लगाइँदा न्वागी पूजा मङ्सिर शुक्लपक्षमा गरिने न्वागी पूजापछि चाँडै पाक्ने विकासे जातका धान लगाउने चलन बढेसँगै यो पर्व हरिबोधनीको साङ्गतासँगै जोडेर गर्न थालिएको बर्दिबास-३ गौरीडाँडाका बासिन्दा कर्मकाण्डी ब्राह्मण दुर्गामणि काफ्ले बताउनुहुन्छ ।

न्वागी पूजामा नयाँ धानको चामल र तील गाईको दूधबाट बनेको घीउ (घ्यू)मा मुछेर तुलसीका मठ छेउमा यज्ञवेदी बनाई त्यहाँ प्रज्वलित गरिएको आगोमा होम गरिने चलन छ । यस पर्वमा सेलरोटी, पञ्चामृत र अपुङ्गसहितका प्रसाद सामग्री बनाइए पनि भिजाएका चामल चाहिँ मुख्य मानिन्छ । नयाँ चामललाई दहीमा भिजाएर सख्खरमा मोलिएपछि यो प्रसाद सामग्री तयार हुन्छ ।

पहिलेपहिले स्थानीय जातका धान लगाइँदा ती पाक्न मङ्सिर लाग्थ्यो । त्यतिखेर न्वागी पूजा पनि मङ्सिर शुक्लपक्षमै दिन जुराएर गरिन्थ्यो । पछिल्ला केही दशकयता महोत्तरीका उत्तरीक्षेत्रमा चाँडै पाक्ने विकासे जातका धान लगाउने चलन बढेपछि यो अन्न प्रयोगमा ल्याइन कात्तिक शुक्ल द्वादशीकै दिन एकादशी व्रतको साङ्गतासँग जोडेर न्वागी पूजाको चलन बढेको अर्का कर्मकाण्डी ब्राह्मण बर्दिबास-७ किसाननगर जुरेटोलका किशोर सुवेदी बताउनुहुन्छ ।

> हिन्दूहरुको आदि भाषा संस्कृतमा सबै अन्नलाई "धान्यादि" भनिएर अन्नको राजा धानलाई मानिएको हुँदा धानको नयाँ फसल होम गरेर अग्नि देवतालाई चढाइएपछि सबै अन्न खानमा प्रयोग गर्न सकिने धार्मिक मान्यताले यो न्वागीपूजा परम्परा चलेको सुवेदीको भनाइ छ ।

घरका आँगनमा रहने तुलसीका मठ नजिकै नयाँ धानको चामलमा घीउ (घ्यू) र तिल मुछेर वैदिक मन्त्रोच्चारणसहित पुरोहितले होम गरेपछि नयाँ अन्न खानमा वर्षभरि प्रयोग गर्न बाटो खुल्ने हिन्दू मान्यता रहँदै आएको छ । हिन्दूहरुको आदि भाषा संस्कृतमा सबै अन्नलाई ' धान्यादि' भनिएर अन्नको राजा धानलाई मानिएको हुँदा धानको नयाँ फसल होम गरेर अग्नि देवतालाई चढाइएपछि सबै अन्न खानमा प्रयोग गर्न सकिने धार्मिक मान्यताले यो न्वागीपूजा परम्परा चलेको सुवेदीको भनाइ छ ।

वैदिकशास्त्रमा नयाँ अन्न प्रचलनमा ल्याउनुअघि होमादि नगरिए त्यस्तो अन्न शुभकार्य र पितृकार्यमा नचल्ने पुरानो विश्वास रहेको छ । कात्तिक द्वादशीका दिन यो न्वागीपूजाको तयारी गर्न नभ्याएका किसानले मङ्सिर शुक्लपक्षमा उपयुक्त दिन जुराएर गर्ने गर्छन् । पर्वमा होमादि गर्न कूल पुरोहित वा अन्य कर्मकाण्डी ब्राह्मण चाहिने हुँदा आज पुरोहितको व्यस्तता पनि निकै बढेको देखिन्छ । यस पर्वमा होमादि अर्पण गरी इष्टजनलाई आमन्त्रण गरेर ख्वाउने खाने प्रचलन रहेको छ ।

मधेशको मिथिला क्षेत्रमा यो पर्वलाई 'लवान' भनिन्छ । महोत्तरीका मध्य र दक्षिणी क्षेत्रमा अझै स्थानीय जात (पाक्न मङ्सिर लाग्ने) का धान लगाइने गरिएको छ । त्यसैले हिन्दू मैथिलले भने यो पूजा मङ्सिर शुक्लपक्षमै गर्छन् । मैथिल चलनमा नयाँ धानको चिउरा, दूध र सख्खर प्रसाद सामग्री हुन्छन् ।

यी सामग्री अग्नीलाई समर्पित गरी परिवारजनले प्रसादस्वरुप खाएपछि नयाँ अन्न दैनिक जीवनमा उपयोगमा ल्याइने चलन रहेको राजकीय संस्कृत माध्यमिक विद्यालय मटिहानीका कर्मकाण्ड विषयका शिक्षक शोभाकान्त झा बताउनुहुन्छ ।रासस

# १५ दिनभित्र पनि बक्यौता नउठे प्रक्रियाअनुसार प्राधिकरण अघि बढ्छ : कार्यकारी निर्देशक घिसिङ

१५ दिनभित्र पनि बक्यौता नउठे प्रक्रियाअनुसार प्राधिकरण अघि बढ्छ : कार्यकारी निर्देशक घिसिङ



काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जनतालाई अध्यारामा राखेर उद्योगीलाई दिइएको बिजुलीको बक्यौता कानुनबमोजिम उठाइने बताउनुभएको छ । प्राधिकरणको केन्द्रीय कार्यालयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा उहाँले अबको १५ दिनभित्र पनि बक्यौता नउठे प्रक्रियाअनुसार अघि बढ्ने स्पष्ट पार्नुभयो ।

"मन्त्रिपरिषद्को निर्देशनअनुसार बक्यौता नतिरेका उद्योगीको लाइन जोडिएको छ, अब उद्योगीहरुले बक्यौता बुझाउनुपर्छ, फेरि पनि आलटाल गरे प्रक्रियाअनुसार अघि बढ्छौं", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "यसबीचमा बक्यौता उठाउन सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलगायत सबैले सहयोग गर्नुपर्छ ।"

प्राधिकणले बक्यौता बुझाउनका लागि उद्योगीलाई किस्ताबन्दीको सुविधा दिएको भए पनि उद्योगीहरुले त्यसको सदुपयोग नगरेको जानकारी दिँदै उहाँले अबको १५ दिनभित्र बक्यौता नबुझाए यो विषय सरकार, ऊर्जा मन्त्रालय र प्राधिकरणको सरोकार मात्रै नभई जनसरोकारको विषय बन्ने स्पष्ट पार्नुभयो । "लाइन काट्ने, पुनः जोड्ने तर बक्यौता नउठ्ने विषय अब रहन हुँदैन, बक्यौतासम्बन्धी समस्या समाधानको चरणमा पुगेको अवस्थामा प्राधिकरणले सरकारको निर्देशन मानेको हो", उहाँले भन्नुभयो ।

प्राधिकरणबाट डेडिकेटेड र ट्रङ्क लाइन सुविधा लिएकामध्ये २८ बाहेक अन्य उद्योगीले नियमित महसुल तिरिरहेको जानकारी दिँदै कार्यकारी निर्देशक घिसिङले ठूला घरानाका उद्योगले महसुल नतिर्दा ग्राहकले पनि शुल्क तिर्न गाह्रो मानिरहेको बताउनुभयो ।

ठूलो मात्रामा रहेको बक्यौता समयमै नउठे प्राधिकरणको वित्तीय अवस्था नै खराब हुनसक्ने खतरा औंल्यउँदै उहाँले भन्नुभयो, "ठूला औद्योगिक घरानाको लाइन जोड्दै जाने, तर न्यूनतम शुल्क तिर्न नसक्नेको लाइन काट्दै जाँदा महसुल सङ्कलन घट्दै गएको छ, यो चिन्ताको विषय हो ।" बक्यौता नउठ्दा उत्पादन र प्रसारणलाइन निर्माण तथा नगद प्रवाहमै ठूलो समस्या आउन सक्ने उहाँको अनुमान छ ।

प्राधिकरणले खपत अनुसारको बिल उद्योगलाई दिएको स्पष्ट पार्दै कार्यकारी निर्देशकले अहिले प्रिमियम शुल्क मात्रै उठाउन खोजिएको जानकारी दिनुभयो । विद्युत् नियमन आयोग बाहेक अन्यले बिल ठिक होइन भन्न नमिल्ने जनाउँदै उहाँले बिलमा चित्त नबुझे सम्बन्धित निकायमा जान उद्योगीलाई बाटो खुला रहेको बताउनुभयो ।

प्राधिकरणको खरिद प्रक्रिया र उपकरण मौज्दातको विषयमा गरिएका टिकाटिप्पणीको खण्डन गर्दै कार्यकारी निर्देशक घिसिङले प्रचलित कानुनअनुसार नै खरिद प्रक्रिया अघि बढाइएको स्पष्ट पार्नुभयो । "कुन सामग्री कति मौज्दात राख्ने भन्ने परियोजनाअनुसार हुन्छ, हामीले अत्यन्तै थोरै परिणाममा मात्रै मौज्दात राखेका छौं", उहाँले भन्नुभयो, "माग भएपछि उपकरण खरिद गर्ने भन्ने हो भने समयमै मागअनुसार उपलब्ध गराउन सकिदैन ।"रासस

**सारा बचत तथा ऋण सहकारी संस्था लि.**
**जनकपुरधाम-९, रामानन्द चौक**
**फोन नं.०४१५२२९५६, मो नं. ९७४८३८७९५६**

**२३ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

निमन्त्रणा


**समस्त शेयरधनी महानुभावहरू !**

मिति २०८१/०७/११ गतेमा बसेको संचालक समितिको २७० औं बैठकको निर्णय अनुसार संस्थाको २३ औं वार्षिक साधारण सभा देहाय बमोजिमको कार्यसूचि, मिति, स्थान तथा समयमा बस्ने भएको हुंदा अनिवार्य उपस्थितिको लागी अनुरोध गर्दछौ साथै सो दिन पहिचानको लागि आफ्नो बचत बुक, परिचय पत्र वा शेयर प्रमाण पत्र मध्ये कुनै एक साथै ल्याउन हुन अनुरोध छ ।

**प्रस्तावहरू**
(क) आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदन
(ख) आ.व. ०८०/०८१ को लेखा परीक्षणको प्रतिवेदन प्रस्तुती तथा अनुमोदन
(ग) आ.व. ०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम
(घ) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
(ङ) आ.व. ०८१/०८२ को लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण
(च) संचालक समितिको निर्णय अनुमोदन
(छ) शेयर लाभांश र संरक्षित पुजी फिर्ता कोषको रकम बाडफाट
(ज) साधारण साभाको निर्णय प्रमाणित गर्ने प्रतिनिधि छनौट
(झ) विविध

**कार्यक्रम**
**मिति :-२०८१ साल मंसिर १५ गते शनिवार, समय विहान १०:३०**
**स्थान :- रौनियार अतिथि सदन, जनकपुरधाम-४**

राधा प्रसाद यादव
अध्यक्ष



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अनौठो अनुसन्धान होइन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का अध्यक्ष रवि लामिछाने सहकारीको करोडौं रकम अपचलन गरेको आरोपमा अनुसन्धानको क्रममा प्रहरी थुनामा छन् । राज्यले पूर्वाग्रही भएर उनीमाथि कारबाही गरिरहेको आरोप रास्वपाका नेता, कार्यकर्ताहरुले लगाइरहेका छन् । उनीहरुले रविको पक्षमा जुलुस प्रदर्शन समेत गरिरहेका छन् । रास्वपाका नेता, कार्यकर्ताहरुले रवि इमान्दार हो भन्दा पनि अन्य दलका नेताहरु सहकारीको रकम अपचलनमा दोषी देखिए पनि कारबाही नगरिएको प्रमुख रुपमा उठाएका छन् । लामिछानेले एउटा सहकारीको मात्र नभई कयौं सहकारीको करोडौं रकम अपचलनमा संलग्न छन् । गोर्खा मिडिया प्रा.लि.को प्रबन्ध निर्देशक भएर काम गर्दा उनले झण्डै अर्ब रुपैयाँको अपचलनमा संलग्न थिए । उनले अपचलन गरेको रकम राज्यको थिएन । सर्वसधारण नागरिकले आफ्नो छाक काटेर, शौख नगरेर जम्मा गरेको निक्षेप थियो । लामिछानेमाथि भइरहेको अनुसन्धान अनौठो होइन । उनी स्वयं उपप्रधान एवं गृहमन्त्री रहेको बेला संसदबाट रास्वपाका सांसद समेत सहभागी रहेको संसदीय छानबिन समितिको प्रतिवेदनलाई अधार बनाएर प्रहरीले अनुसन्धान गरिरहेको छ । रवि लामिछानेले रकम अपचलनमा संलग्न नभएको भन्न सक्ने अवस्था छैन । गोर्खा मिडिया प्रालिमा आएको अर्बौं रकम आकाशबाट झरेको होइन । उनले चेकमा हस्ताक्षर गरी आफ्नो लगायत आफन्त र सहयोगीको खातामा अनेक बहानामा रकम पठाएको प्रमाणहरु नै छन् । नेपालको नागरिकता त्याग गरेर अमेरिका पुगेका र त्यहाँ पनि गोलमाल गरी पुन :नेपाल फर्केर अनेक काण्ड गरेका लामिछानेको कुनै पक्ष दुरुस्त छैन । सञ्चार क्षेत्रमा कार्यरत्त रहेको बेला पनि उनले अनेक मानिससित मोलजोल गरी रकम असुल्ने गरेको अभियोग लागेकै थियो । दुई पटक उनी उपप्रधान एवं गृहमन्त्री हुँदा पनि राज्यशक्तिको चरम दुरुपयोग गरेकै थिए । डेढ वर्षमै दुई पटक उपप्रधान एवं गृहमन्त्री भएका लामिछानेले विपक्षी ठानेकाहरुलाई बिना कारण थुनामा राख्ने काम गर्दा रास्वपाका नेता, कार्यकर्ताहरुले खुशी नमनाएको होइन । सत्तामा हुँदा मात्तिने र सत्ता बाहिर हुँदा आत्तिने काम कसैका लागि ठिक होइन । रास्वपाले अनुसन्धानमा अवरोध गर्नु भन्दा लामिछानेलाई जोगाउने अन्य उपायहरु गर्दै अगाडि बढ्नु पर्छ । नेपाली नागरिकको ठूलो आशा र भरोसा रास्वपाप्रति थियो । पुराना दलका पुराना नेताहरुको कारण देश थला परेकोले नयाँ युवा नेताहरुले देश विकासलाई गति दिने अपेक्षा गरिएको थियो । तर राज्यको बाहेक सर्वसधारणको करोडौं रकम पहिले नै हजम गरेर राजनीतिमा प्रवेश गरेकाहरुले झन् धुमिल बनाए । रास्वपामा धेरै नेताहरु इमान्दार, क्षमतावान् र दीर्घकालीन सोच भएका छन् । उनीहरु अहिले अगाडि बढ्नु पर्छ । लामिछानेको कारण रास्वपाको जनविश्वास निकै तल झरेको छ ।

### रामस्वरूप रामसागर बहुमुखी क्याम्पसः

# बढ्दो विद्यार्थी सङ्ख्या, घट्दो गुणस्तरीयता



**डा. रामसागर पंडित**

यो क्याम्पस दुई दाता दाजुभाइ रामस्वरूप रामसागरका नाममा संचालित छ । यसको शुभारम्भ २०१३ सालमा भएको थियो । सबैभन्दा पहिले जनकपुरधाम स्थित सरस्वती हाई स्कुलमा नै संचालन भएको थियो । यसको पहिलो क्याम्पस प्रमुख त्यसै विद्यालयका प्रधानाध्यापक गंगाधर दत्तलाई बनाइयो । शुरुआती कालमा मानविकीका केही विषयहरू राखी ५५ जना विद्यार्थी र ७ जना शिक्षकहरूद्वारा कार्य प्रारम्भ भयो । विद्यालय कै कर्मचारीबाट काम लिन थालियो । यसको दोस्रो क्याम्पस प्रमुख दुर्गाबहादुर शर्मा तथा कर्मचारी कामेश्वर लाल थिए । शुरुमा इन्टर तहबाट नै शुरुआत भएकोमा यसको परीक्षा पटना विश्वविद्यालयले लिएको थियो । विस्तारै मानविकी, व्यवस्थापन र विज्ञानमा स्नातक तहको पढाइ शुरुभयो । अहिले विश्वविद्यालय तहमा इन्टरलाई फेजआउट गरी माध्यमिक तहमा लगिएको छ । क्याम्पस तहमा स्नातक, स्नातकोत्तर, दर्शनाचार्य, विद्यावारिधि र महाविद्यावारिधि मात्र अध्ययन–अध्यापन गराइन्छ । यहाँ मानविकी स्नातकमा नेपाली, मैथिली, हिन्दी, अंग्रेजी, संस्कृत, इतिहास, भूगोल, भाषाविज्ञान, राजनीतिशास्त्र, तथ्याङ्कशास्त्र, गृहविज्ञान, गणित, अर्थशास्त्र, मनोविज्ञान, जनसंख्या अध्ययन, समाजशास्त्र, तर्क तथा दर्शनशास्त्र, संस्कृति जम्मा १८ वटा विषयहरू अध्ययन–अध्यापन गराइँदै छन् । यस्तै मानविकीतिर स्नातकोत्तर तहमा अंग्रजी, नेपाली, अर्थशास्त्र, राजनितिशास्त्र, समाजशास्त्र, मैथिली, गणित र जनसंख्या अध्ययन रहेका छन् ।

यस्तै व्यवस्थापनको स्नातकतर्फ बीबीएस, बीबीए रहेका छन भने स्नातकोत्तर तहमा बीबीएसको पढाइ संचालित छ । विज्ञानतर्फ स्नातकमा भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान, गणित, सूक्ष्म जीवविज्ञान, वातावरणविज्ञान, सीएसआईटी, बीआइटी, रहेका छन् । विज्ञानको स्नातकोत्तर तहमा मैथ मात्र संचालित छ । शिक्षातिर स्नातकतहमा चारवर्षे बीएड, एकवर्षे बीएड, अंग्रजी शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य शिक्षा, गणित शिक्षा, नेपाली शिक्षा, बीआइसीटीजस्ता विषय रहेका छन । यसको स्नातकोत्तर तहमा ईपीएम, अंग्रजी शिक्षा, गणित शिक्षा रहेका छन ।

हाल यी विषयहरू पढाउने शिक्षकहरूको निकै अभाव देखिन्छ । यत्रा विषय पढाउने शिक्षकहरूमध्ये ७७ जना स्थायी, ६ कन्ट्राक्ट, १५ जना आन्तरिक करार र १५ जना आंशिक शिक्षक रहेका छन् । कर्मचारी संख्या ६० मात्र रहेका छन् । यी शिक्षक/कर्मचारीलाई विद्यार्थीको अनुपातमा हेर्दा निकै कम देखिन्छ । स्मरण रहोस् ! हाल क्याम्पसमा १६,००० (सोह्र हजार) विधार्थी छन् । विश्वविद्यालयको शिक्षक घटाउने नियोजित कार्यक्रम रहेको छ । यसले गर्दा धेरै विषयमा स्थायी शिक्षक रहेकै छैन । कन्ट्राक्ट, करार, आंशिक शिक्षकबाट नै शैक्षिक अवधि पूरा गर्ने गरिन्छ । यसबाट विधार्थीमा निकै मार्का परेको देखिन्छ । यस्तो अवस्थालाई हेर्दा सरकार शिक्षाबाट पछि हट्न थालेको बुझ्न सकिन्छ । जुन देशमा शिक्षा, स्वास्थ्य, सहकारी जस्ता आधारभूत कुराहरूबाट पछि हट्नु भनेको देशलाई पछि लग्नु हो भने बुझ्नुपर्छ ।

हालको क्याम्पस प्रमुख प्रदीपकुमार प्रसाद हुनुहुन्छ । वहाँ अंग्रेजी विषयका स्कँालर हुनुहुन्छ । वहाँको क्याम्पस प्रमुखमा नियुक्ति २०७७/०४/११ मा भएको थियो । हाल वहाँको अवधि सकिए पनि अर्को व्यवस्था नहुन्जेलसम्मका लागि म्याद बढाइएको छ । वहाँ कै भनाइ अनुसार मभन्दा अगाडि 'ग' श्रेणीमा झरिसकेको क्याम्पसलाई उचालेर 'क' श्रेणीमा ल्याएको छु । वहाँले आफ्नै अवधिमा ३२ कोठे चार तल्ले प्रशासनिक भवन, गेष्ट हाउस माथि पहिलो तल्ला, बीबीएको १८ कोठे तीन तल्ले भवन, ७५ सिटेड मुँइतले होस्टेल, डिलक्स ट्वाएलेटको निर्माण (ब्याइज र गर्ल बेग्लाबेग्लै) गराउनु भएको छ । विद्यार्थी



संख्यामा नेपाल भरी आंगिक क्याम्पसहरूमध्ये प्रथम स्थानमा रहेको छ । यस्तै दोस्रो गेट, सात सय मिटर कम्पाउण्ड वालसमेत यहाँ कै पालामा निर्माण भएको देखिन्छ । यस्तै विगत वर्षदेखि वाँकी रहेको स्वतन्त्र विधार्थी युनियनको निर्वाचन गराउन समेत सफल हुनुभएको छ । आजको मांग अनुसार दुईवटा कम्प्युटर लैब संचालन गरेर प्रत्येक ल्याबमा ५० वटा कम्प्युटर व्यवस्थित भएका छन् ।

जम्मा विद्यार्थी संख्या १६,००० लाई संकाय आधारमा हेर्दा कमर्समा १० हजार, शिक्षामा ३ हजार, विज्ञानमा २ हजार र वाँकी १ हजार मानविकीमा अध्ययनरत रहेका छन् । विगतमा मानविकीतिर विद्यार्थी संख्यामा प्रथम रहेकोमा हाल मानविकीका अधिकांश विषयमा विद्यार्थि संख्या निकै न्यून रहेका छन् । कतिपय विषयमा विद्यार्थी/ शिक्षक संख्या शून्य रहेका छन् । मानविकी शून्यतिर जानु पक्कै पनि राम्रो होइन । विषय कुनै नराम्रो हुँदैन, वरु त्यसमा व्यवस्थापन गर्न नसक्नुलाई प्रमुख कारणको रूपमा लिन सकिन्छ ।

मानविकीका सहायक क्याम्पस प्रमुख रामहृदय मण्डल पनि यस्तै धारणा राख्नु हुन्छ । शिक्षा, विज्ञान तथा व्यवस्थापन संकायका सहायक क्याम्पस प्रमुखहरू क्रमसः सूर्यकान्त साह, सुरेन्द्र राय र डा. विनोदलाल कर्णसंग कुरा हुन सकेन । यस्तै नेपाल प्राध्यापक संघ राराब एकाइ समितिका सभापतिसंग पनि यसबारे बढी कुरा हुन सकेन । नेपाल कर्मचारी संघका सचिव गणेश यादवसंग सम्पर्क गर्दा वहाँ क्याम्पस बारे निकै सकारात्मक धारणा प्रकट गर्नुभयो । यहाँले भनुभयो वर्तमान क्याम्पस प्रमुखको अवधिमा क्याक्पस सुधारोन्मुख अवस्थामा रहेको छ । यहाँको विचारमा प्राविधिक विषयमा बृद्धि, नयाँ भवन निर्माण, शिक्षक/कर्मचारीलाई अनुशासनको दायरामा ल्याउनु, समयमा हाजिरी, समयभित्रै कक्षामा जानु, कर्मचारी समयमा उपस्थित हुनु, आफ्नो जिम्मामा रहेका काज समयमै सम्पन्न गर्नु, समयमा तलब, ऋण, ब्याज पठाउनु, विद्यार्थीका लागि पढ्ने वातावरण सिर्जना गर्नु, बीबीएस र बीएडमा केटाकेटीका लागि अलग/अलग कक्षा संचालन हुनु, ड्रेस अनिवार्य गर्नु, ड्रेसबिना विद्यार्थीलाई प्रवेश निषेध गर्नु, परीक्षा प्रणालीमा सुधार हुनु, ६० प्रतिशतभन्दा बढी रिजल्ट आउनु जस्ता सकारात्मक काम रहेका छन् ।

यसै क्याम्पसका पूर्व पीअन रामशीष साहको विचार अलि भिन्न रहेको छ । वहाँको विचारमा आजभन्दा केही वर्ष विगतमा क्याम्पसको वातावरण अलि बिग्रिएकोमा हाल सुधरोन्मुख देखिएको छ । जे जस्तो भए पनि मानविकी र विज्ञान संकाय दयनीय हुनुलाई राम्रो पक्षको रूपमा लिन सकिँदैन । वहाँले यस कुरालाई सरकारको कमि/कमिजोरीका साथै क्याम्पस प्रमुखको ध्यान नजानुको रूपमा लिएका छन् ।

यस्तै कुराहरूलाई लिएर क्याम्पस विद्यार्थी यूनियनका सभापति मनिसकुमार यादवसंग विचार लिँदा, वहाँका विचारमा पनि क्याम्पस प्रमुख निकै सुधार गरेका छन् । क्याम्पसमा हाम्रो युनियनको तर्फबाट विशेष जोडदिई रिडिंग रूम, ल्याव, खानेपानीको फिल्टर/पाइप जडान समेतको काम सम्पन्न भएका छन् । हाम्रै प्रयासमा क्याम्पसको बगैंचालाई सौन्दर्यीकरण गर्ने काम पनि सम्पन्न भएको छ । हामी युनियनका तर्फबाट होस्टल सुधार गर्न बराबर दबाब दिइरहेका छौं । विद्यार्थीको ड्रेसमा समेत यूनियन सकारात्मक छ । पंचुयालिटीमा हाम्रो कुनै सम्झौता हुँदैन । परीक्षा सुधार गर्नेतिर हामी प्रयासरत छौं ।

क्याम्पस प्रमुखको सबभन्दा ठूलो उपलब्धिको रूपमा विद्यार्थी संख्या बढोत्तरीलाई लिन सकिन्छ । वहाँ क्याम्पसमा ज्वाइन गर्दाका बखत ३,६०० (तीन हजार छ सय) विद्यार्थी रहेकोमा हाल १६,००० मा लग्नु पक्कै प्रशंसनीय काम हो तर विद्यार्थी बढोत्तरीले मात्र हुँदैन, विद्यार्थीको गुणस्तर कति छ ? परीक्षा मर्यादित हुन्छ कि हुँदैन? विद्यार्थी अनुशासित छन् कि छैनन् ? नियमित कक्षा हुन्छ कि हुँदैन ? त्यतातिर पनि ध्यान जानु पर्छ । आजको युग प्रतिस्पर्धाको युग हो । विद्यार्थी स्पर्धी हुन सकेन भने के काम ? बिगतमा यस क्याम्पसको मर्यादा कति उँचाइ पाएको थियो त्यता पनि सोच जानुपर्छ । हुनत एकैचोटी स्तर तल झरिसकेपछि उठाउन पक्कै समय लाग्छ होला तर निरन्तरता दिएपछि कुनै व्यवधानले त्यसलाई रोक्न सक्दैन । अहिलेको सरकार पनि शिक्षाको जिम्मेवारी लिनबाट भाग्ने प्रयास गरिरहेको छ । सरकारी शिक्षकहरूलाई प्राइवेटतिरको कक्षामा पढाउन जानलाई अनुमति दिनु, सरकारबाट अनुगमन नहुनु, विश्वविद्यालयले क्याम्पसहरूलाई छाडा छोड्नु, परीक्षामा शिक्षक, निरीक्षक र पर्यवेक्षकमा बसेर आफ्नो दायित्व पूरा गर्दा विद्यार्थीबाट बल प्रयोग हुँदा सरकार यस्ता उदण्ड काम रोक्न सुरक्षाको व्यवस्था नमिलाउनु जस्ता कामहरूले क्याम्पसको वातावरणलाई नराम्ररी प्रभावित गरेका छन् । यसलाई सुधार गर्न सरकार अगाडि आउनु पर्छ, होइन भने दिनप्रतिदिन शिक्षाको अवस्था खस्किँदै जानेमा कुनै शंका छैन् ।

मानविकी विषयहरू विस्तारै हट्दै जानुमा पूर्णरुपेण विश्वविद्यालय र सरकार दोषी देखिन्छ । राराबमा मानविकी संकाय तर्फको अवस्थालाई हेर्दा निकै खस्किँदै गएको छ । मानविकी भवन खाली देखिन्छ । विगतमा रहेका मानविकी र विज्ञान हाल थलिएका छन् । मानविकी विषयहरूका अभावमा विस्तारै सामाजिकता खत्म हुँदै गएको छ भने भर्यादा, सम्मान, राष्ट्रप्रेम, अनुशासन, संस्कृति, परम्परा जस्ता कुरालाई निरन्तरता दिन मानविकीका विषयहरूलाई निरन्तरता दिनु पर्ने हो । यदि यस्ता विषयहरूलाई निरन्तरता दिन सकिएन भने भोलि हाम्रो समाज अझै उदण्डतातिर बढनेबाट कसैले रोक्न सक्दैन । हामी कहाँ छौं ? हाम्रो देश कहाँ छ ? विश्व के हो ? यस्ता प्रश्नहरूका जबाब मानविकी कै विषयबाट सिकाउन सकिन्छ ।

अन्तमा यस क्याम्पसको अवस्था विगत (२०७० भन्दा अघि) अति राम्रो थियो । यसको साख धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, उदयपुर, सिरहा र सप्तरीसम्म पुगेको थियो भने हाल धनुषामा सिमित भएको छ । यस्तै गुणस्तरमा यो क्याम्पस नेपालको आंगिक क्याम्पसहरूमध्ये अग्रीम पंक्तिमा थियो भने हालका क्याम्पस प्रमुख विद्यार्थी बढाउनु राम्रो काम गरेका भए पनि अब गुणस्तरतिर जानुपर्ने देखिन्छ । परीक्षाको अवस्था सुध्रिएन भने गुणस्तर बृद्धि हुन सकिँदैन । यसमा सरकारको सहयोग पनि उतिकै आवश्यक देखिन्छ । इतिश्री ।

# चकलेट पाउँदा आफूलाई मनिषा झैं ठानें



**अशेष अधिकारी**

'नेपाली कांग्रेसको सक्रिय राजनीतिमा रहनुभएका अभिनेत्री विपना थापाका बाबु आफ्नी राम्री छोरीलाई पनि मनिषा कोइराला जस्तै नायिका बनाउँछु', भन्ने गर्नुहुन्थ्यो । सायद राजनीतिक विरासत बोकेको परिवारमा जन्मनुभएकी अभिनेत्री मनिषाको छायाँ उहाँले आफ्नी छोरीमा पनि देखेको हुनुपर्छ ।

भारतको बलिउड नगरीमा एउटी नेपाली छोरीको ओजपूर्ण चर्चाले उहाँमा त्यो सोच आएको हुनुपर्छ । तर विडम्बना थापाका बाबुले छोरीलाई नायिकाका रुपमा सिनेमाको पर्दामा कहिल्यै देख्न पाउनुभएन । विपना छ वर्षको हुँदा उहाँ दिवङ्गत हुनुभयो । उहाँलाई बुबाको त्यतिधेरै सम्झना पनि छैन ।

आफ्ना बाबुको सपना सुनेकी अभिनेत्री विपना सानै उमेरदेखि नाच्नमा पारगङ्त हुनुहुन्थ्यो । काठमाडौं स्युचाटारमा जन्मिनुभएकी विपनासँग स्कुले जीवनमा के हुने र के गर्ने कुनै लक्ष्य थिएन । चर्चित नृत्याङ्गना विमला श्रेष्ठ उहाँको छिमेकी हुनुहुन्थ्यो । नाच्न सिपालु विपना विमलालाई हेर्दै आफूलाई त्यस्तै बनाउने कल्पना गर्नुहुन्थ्यो र आफैंलाई भन्नुहुन्थ्यो, "कुनै दिन म यी विमला फुपूजस्तै नाच्ने हुन्छु ।"

नभन्दै विपना नाच्नमा यति सिपालु हुनुहुन्थ्यो कि कक्षा ९ मा पढ्दै गर्दा नै स्कुलको वार्षिकोत्सवका लागि अरूलाई नृत्य सिकाउनुहुन्थ्यो । आफ्ना बाबुको मनिषा जस्तै बनाउने सपना र अर्कोतर्फ विमला फूपु झैं नृत्यङ्गना हुने चाहनाका बीच १३ वर्षको उमेरमा नै उहाँका लागि अभिनयको ढोका खुल्यो । त्यो मौका उहाँलाई निर्देशक रेशराज आचार्यले दिनुभएको थियो ।

उहाँ बाल कलाकारका रुपमा भएको अभिनय यात्रा यसरी सम्झना गर्नुहुन्छ । "उहाँ मेरो बाबाको साथी हो । उहाँले मलाई 'आमा' भन्ने टेलिशृत्त लामा छोरीको भूमिकामा पहिलोपटक अभिनय गराउनुभएको थियो । मेरो अभिनय यात्रा सोही टेलिशृत्त लाबाट बाल कलाकारका रुपमा भएको हो । त्यो टेलिशृत्त लाको सुटिङ सकिँदासम्म म १४ वर्षको भइसकेकी थिएँ । त्यो टेलिशृत्त ला छायाङ्कन भए पनि कहिले पनि 'रिलिज' भने हुन पाएन ।" टेलिशृत्त ला प्रसारणमा नआए पनि यसले उहाँको अभिनयको लामो यात्रा कोरिदिने काम भने गर्‍यो ।

यो २०५१ सालतिरको कुरा हो । आचार्यले त्योसँगै विपनालाई शक्ति साबुनको विज्ञापनमा समेत अभिनय गराउनुभयो । 'आमा' टेलिशृत्त लाको सुटिङका दौरानमा कलाकार तथा निर्देशक मोहन निरौला सुटिङस्थल पुग्नुभएको थियो । दुवै जनाको पुरानै मित्रताको चिनाजानी थियो । उहाँले सुटिङमा विपनालाई सिनेमा गर्ने प्रस्ताव गर्नुभयो । त्यतिबेला मोहन एउटा सिनेमा निर्देशनको तयारी गरिरहनुभएको थियो । भर्खर १४ वर्ष लाग्नुभएकी विपनाले टेलिशृङ्खलालाई नै सिनेमा मानिरहनुभएको थियो र उहाँले अबोध शैलीमा मोहनको प्रस्तावमा 'मैले त खेलिसकेँ' भन्ने जवाफ दिनुभयो । निरौलाले विपनालाई पुनः 'ठूलो पर्दाको फिल्म खेल्ने हो' भनेर सोध्नुभएपछि भने विपनाले 'मेरो घरमा आएर सोध्नुस्', भन्ने जवाफ दिनुभयो । त्यसपछि निर्माता छविराज ओझा, राजकुमार शर्मा, निरौलालगायतका विपनाको घरमै पुग्नुभयो र परिवारसँग कुरा गर्नुभयो । "एसएलसी दिएको पर्सिपल्टको कुरा हो यो", उहाँले भन्नुभयो । परिवारले विपना थापालाई सिनेमा गर्ने अनुमति दियो । यसरी 'जन्मभूमि' उहाँको डेब्यू सिनेमा हुनपुग्यो ।

नायिका हुने पक्का भएको दिन उहाँले आफ्नो पिताजीले भन्नुभएको कुरा स्मरण गर्नुभयो र यस्तो सोच्नुभयो, "ओहो ! म त कत्रो ठूलो के-के भइछु लागेको थियो किनभने मैले अभिनेत्री भनेर चिनेको-सुनेको नाम मनिषा कोइराला थियो । उहाँ राजनीतिक परिवारमा जन्मिएकी र हुर्केकी मान्छे । अनि मेरो बुबाले पनि यसलाई त मनिषाजस्तो नायिका बनाउनुपर्छ भन्नुहुन्थ्यो सानैदेखि । त्यसैले नायिका हुने पक्का हुनेबित्तिकै मैले मनिषा म आफू नै हो कि भनेर अनुभव गरिरहेकी थिएँ । म पनि त्यस्तै बन्ने भएँ भन्ने लागेको थियो ।"

विपनाले आफ्नो पहिलो सिनेमाका लागि पारिश्रमिक पाँच हजार रुपैयाँ र मुट्ठीभरि त्यतिबेलाको लोकप्रिय ह्वाइट र्‍याबिट चक्लेट पाउनुभयो । पाँच हजार पैसाले धेरै खुसी हुनुभयो या एक मुट्ठी चकलेटले भन्ने प्रश्नमा उहाँ हास्नुभयो । 'ओहो ! पाँच हजार रुपैयाँ भयो । त्यो पनि आजभन्दा करिब २८-२९ वर्ष अगाडि, आजको पाँच लाख सरहको पैसा होला त्यो सायद ।'

पाँच हजारमा पहिलो सिनेमा खेल्नुभएकी विपनालाई त्यस वर्ष सिनेमाको ओइरो नै लाग्यो । त्यो वर्ष डेब्यू सिनेमा 'जन्मभूमि'सहित सात वटा सिनेमामा काम गर्नुभयो । पाँच हजार र एक मुठ्ठी ह्वाइट र्‍याबिट चक्लेटबाट सुरु भएको उहाँको पारिश्रमिक बाँकी छ सिनेमामा कुनैमा २० त कुनैमा २५ हजार रुपैयाँ पारिश्रमिक लिनुभयो । ठ्याक्कै सम्झना नभए पनि उहाँले सोही वर्ष ३५ हजारसम्म पैसा पाएको सम्झना छ ।

सिनेमा उद्योगबाट बिदा नहुँदासम्म अधिकतम पाँच लाख रुपैयाँ बुझ्नुभयो । यो रकम लिँदा नेपाली रजतपट बृत्तमा ठूलै हल्लाखल्ला भएको विपना बताउनुहुन्छ । "त्यो बेलामा राजेश हमाल-विपना थापाले त एउटै सिनेमाको पाँच लाख रुपैयाँ लिन्छन् भनेर ठूलै हल्लाखल्ला भएको याद छ । यो पैसा मैले 'वरमाला' र 'बहादुर' भन्ने दुई वटाका लागि मात्र लिएकी थिएँ", थापाले भन्नुभयो । २०५१ सालमा सुरु भएको उहाँको त्यो अभिनय यात्रा २०६५ सालसम्म करिब १५ वर्ष लगातार व्यस्ततामै बित्यो ।

उहाँ आफूलाई अभिनेत्रीका हिसाबले डेब्यू सिनेमा 'जन्मभूमि'ले नै परिपक्व बनाएको बताउनुहुन्छ । यसो हुनुको पछाडि उहाँसँग सो सिनेमामा सँगै काम गर्नुभएका त्यतिबेलाका चर्चित र प्रतिभाशाली कलाकारलाई दिनुहुन्छ । त्यो सिनेमामा त्यतिबेलाका चर्चित अनुहारहरु सरोज खनाल, शिव श्रेष्ठ, मौसमी मल्ल, गीताञ्जलि तथा सुनिल थापालगायतका कलाकारको पल्टन नै थियो ।

"चर्चित कलाकारहरुको भिडमा म १४ वर्षकी सानी केटी पहिलोपटक सिनेमा खेल्दै थिएँ । उहाँहरुबीच म पहिलोपटक ठूलो पर्दाको सिनेमा खेल्दै गरेकी केटीलाई अभिनय सिकाउने प्रतिस्पर्धाजस्तो हुन्थ्यो", उहाँले भन्नुभयो, "सरोज दाइसँग सिन पर्दा बसुन्धरा भुसाल दिदी आएर सरोजले आफ्नो मात्र अनुहार देखाउला नि नानी भन्नुहुन्थ्यो, मौसमी दिदीले त्यस्तै भनेर गाइड गर्ने, सरोज दाइले त्यस्तै भन्ने । सब मेरो गुरुजस्तो हुनुभयो र सिकाउनुभयो ।" विपनाका अनुसार दिग्गज कलाकारहरुको मार्गदर्शन र सिकाइले सिनेमाको लाइट, क्यामरासँग कसरी साक्षात्कार गर्ने भनेर उहाँलाई दोस्रो सिनेमाको अनुभव आवश्यक परेन ।

त्यो वर्ष लगातार सात सिनेमामा अभिनय गर्नुभएकी विपनाले डेब्यू वर्षमा नै सर्वोत्कृष्ट नवअभिनेत्री अवार्ड उचाल्न सफल हुनुभयो । "यो वर्ष डेब्यू सिनेमा 'जन्मभूमि'सँगै, गोठालो, अपहरण, चुनौती गरी सात सिनेमा खेलेँ । त्यो वर्ष मैले सर्वोत्कृष्ट नवअभिनेत्री तथा व्यस्त अभिनेत्रीको अवार्ड जितेँ", उहाँले सुनाउनुभयो ।

त्यो समयमा यो-त्यो भूमिका कथा विषयवस्तु नभनी सिनेमाहरु गर्ने गरेको उहाँ बताउनुहुन्छ । उहाँ प्रस्ताव आएका र समयले भ्याएसम्मका सिनेमा गरेको सम्झनुहुन्छ । हामी यो त्यो सिनेमा गर्दैनथ्यौं । प्रस्ताव आएका सबै सिनेमा गर्थ्यौं । समय मिलायो काम गर्‍यो, अब अहिलेजस्तो परिपक्व भएर पनि आइएको हुँदैनथ्यो । हामी निर्देशकले जे भन्यो त्यो गर्थ्यौं । यो गर्छु, त्यो गर्दिन, यस्तो खाँदिन भन्ने पनि हुन्नथ्यो । एउटा पारिवारिक माहोलमा काम गर्थ्यौं ।"

पर्दामा उहाँको कुशल नृत्यकौशल र अभिनय क्षमताबाट नै दर्शकमाझ लोकप्रिय बन्न सफल हुनुभयो । उहाँ आधुनिक युवती, बुहारीलगायतका सबै भूमिकामा फिट लाग्नुहुन्थ्यो र सबैभन्दा बढी एउटा मेहनती कलाकारको परिचय उहाँले बनाउनुभएको थियो । करिब एक सय १४ वटा सिनेमामा अभिनय गरेको बताउनुहुने विपनाले धेरै सिनेमा उस्तै खालको भूमिका गरे पनि 'तँ त साह्रै नै बिग्रिस नि बद्री !' सिनेमामा निर्वाह गरेको चरित्रलाई कहिल्यै बिर्सन सक्नुहुन्न । सुरुमा उहाँलाई नायिकाको सकारात्मक भूमिकामा काम गराउने सहमति भए पनि परिस्थितिवश नकारात्मक भूमिका गर्नुपर्ने बाध्यता आइपर्‍यो । उहाँले त्यो भूमिकालाई खुबै टार्न खोज्नुभयो । सो भूमिका नगराइयोस् भनेर सिनेमाका निर्माता-निर्देशकसँग रुनुसमेत भयो ।

त्यो समयमा सकारात्मक भूमिका गर्दै आएको अभिनेत्रीले नकारात्मक भूमिका गर्नु 'करियर'कै लागि ठीक नहुने सोचिन्थ्यो र कलाकारहरु पनि सोही कुरामा विश्वास मान्थे । विपनाले सो सिनेमा खेल्नुअघि नायिकाका रुपमा सकारात्मक भूमिकामा देखिँदै आउनुभएको थियो । यो सिनेमामा नकारात्मक भूमिका खेल्दा भोलिका दिनमा आफूलाई असर गर्नसक्ने उहाँको बुझाइ थियो । पछि उहाँको बिहेमा कन्यादानसमेत दिनुभएका निर्माता किरण केसीले सम्झाएपछि मात्र मनले नमानीनमानी अभिनय गर्नुभयो ।

सो सिनेमाको 'ह्विस्की' नामको पात्र आजसम्म पनि उहाँलाई मन पर्दैन । 'अर्काको श्रीमानसँग लाग्ने र घरमा श्रीमती हुँदाहुँदै अर्की श्रीमती पनि बनाउन खोज्ने मान्छे मलाई पहिलोदेखि नै मन नपर्ने । मेरो पात्र ठ्याक्कै त्यस्तै सिनेमामा । त्यो पात्र मलाई पटक्कै गर्न मन लागेको थिएन । तर हरिवंश आचार्य र किरण केसीले यो एउटा चरित्र हो, कलाकार भएपछि हरेक किसिमको भूमिका गर्नुपर्छ, यसले तिम्रो फिल्मी 'करियर'मा कुनै पनि नकारात्मक असर गर्दैन भनेर कर गरेपछि मैले गरेँ ।' सिनेमा 'रिलिज' भएपछि उहाँले जे सोचेर डर मान्नुभएको थियो, ती कुनै पनि कुराले उहाँलाई असर गरेन । उहाँ त्यसपछि पनि सकारात्मक भूमिकाको रोजाइमा परी नै रहनुभयो ।

विपना थापाको रुपमा आज पाइरहेको परिचयका लागि नेपाली सिनेमा उद्योगलाई आफूले सधैं सम्झिराख्ने उहाँको भनाइ छ । नेपाली सिनेमामा नआएको भए आजकी विपना अर्को कुन संसारमा हुन्थेँ भन्ने जवाफ आफूसँग नभएको बताउनुहुन्छ । '१४ वर्षबाट सुरु मेरो सिनेमा यात्राका सक्रिय वर्षहरु हरेकवर्ष पाँच/सातवटा सिनेमा खेल्दैमा बिते । अन्तिम सिनेमा गर्दासम्म म व्यस्त नै थिएँ । १४-१५ वर्षको त्यो उमेरमै सिनेमामा नभए कता हुन्थे भनेर कहिले सोच्ने फुर्सद नै भएन ।'

आफ्ना जीवनका व्यस्त दैनिकीमा उहाँले लगातार ३६ घण्टासम्म लखतरान भएर ढल्ने गरीसम्म काम गरेको सम्झनुहुन्छ । 'मलाई याद छ । मैले नसुतीनसुती लगातार ३६ घण्टा सिनेमाको सुटिङ गरेको छु । अर्जुन भन्ने सिनेमामा धिरन शाक्यसँग बालाजुको बाइसधारा सिनेमामा त्यसरी काम गरेको थिएँ । त्यो बेला सुटिङ गर्दागर्दै बाइसधारा माथिबाट सिधै भुइँमा लडेँ । धिरेन दाइले नसमात्नुभएको भए आज विपना जीवित हुँदैन थिएँ होला । लगातार ३६ घण्टा काम गर्दा म निकै कमजोर भएको थिएँ ।

त्यस्तो व्यस्तालाई चट्टै छोडेर घरजममा लाग्नुभएकी विपना १७ वर्ष पछाडि 'ह्रस्वदीर्घ' सिनेमामार्फत पुनः नेपाली रङ्गीन दुनियाँमा फर्किँदै हुनुहुन्छ । यो आफ्ना पति र छोराका कारण सम्भव भएको उहाँ बताउनुहुन्छ । "अहिले सिनेमामा फर्किनुको कारण मेरो छोरा र श्रीमान् हो । बाबुछोराले नै काम गर्न मन लागेको छ भने गर्नु भनेपछि फर्किएकी हुँ ।" विपनाका श्रीमान्ले "यो जीवन भनेको तिम्रो आफ्नो रोजाइको जीवन हो भनेर होस्याउनुभयो भने छोराले पनि म आफूलाई हेर्नसक्छु तपाईं काम गर्नुस् भने । त्यसो त उहाँकी सासू पनि बुहारीको इच्छा मार्ने पक्षमा हुनुहुन्थेन तर विवाहपछि छोराको जन्म र अन्य घरायसी परिस्थितिले विपना सिनेमामा फर्कन पाउनुभएन ।

"मेरो सासूलाई मेरो सुटिङ हेर्ने असाध्यै रहर थियो । विवाह लगत्तै एक/डेढ वर्षमै म गर्भवती भएँ । सन्तानका कारण काम गर्ने कुरा भएन, त्यसपछि मेरो सासूलाई क्यान्सर भयो । घरको जेठी बुहारी भएपछि उहाँलाई हेर्नुपर्‍यो", उहाँले भन्नुभयो, "त्यसपछि ससुरा बिरामी पर्न थाल्नुभयो, फेरि उहाँको हेरविचार गर्नुपर्‍यो । यस्ता कुराले चाहेर पनि परिवारको समर्थन हुँदाहुँदै पनि मैले आफूलाई निरन्तरता दिन सकेकी थिइन । अहिले जिम्मेवारी कम छ, कामका लागि समय छ ।"

यस बीचमा सामाजिक सञ्जालमा पोस्टहरु हाल्दा उहाँलाई सिनेमामा फर्किनुपर्ने सुझावहरु प्रशस्तै आए । यसले पनि उहाँलाई सिने क्षेत्रमा फर्किन हौस्यायो । अहिले उहाँको हातमा तीन-चारवटा सिनेमा छन् । वर्षौंपछि 'सुटिङसेट'मा पुग्दा उहाँ भावुक हुन पुग्नुभयो । विछोडिएको बछेडीले आमा भेटेजस्तो । "वर्षौंदेखि मन परेको मान्छेलाई भेट्दा कति रुन मन लाग्छ, मलाई त्यस्तै भयो । त्यो सम्झिदा अहिले पनि मेरो आँखा भरिन्छन् । पुराना पत्रकार साथीहरुलाई भेट्दा पनि मलाई भावुक बनायो ।' यही कात्तिक ३० गते उहाँ अभिनित 'हस्व दीर्घ' रिलिज हुँदैछ ।

# राष्ट्रपति पौडेलले विशेष सत्रमा राख्नुभएको सम्बोधनको पूर्ण पाठ

बाकु । राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तन हामी सबैको साझा चुनौती भएको तथा यस साझा चुनौतीको सामना गर्न हामी सबैको साझा बुझाइ र साझा प्रयास हुनुपर्ने बताउनुभएको छ।

यही कार्तिक २६ गतेदेखि यहाँ सुरु भएको जलवायु परिवर्तनसम्बन्धी



संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरुको सम्मेलन कोप-२९ अन्तर्गत बुधबार नेपालले आयोजना गरेको विशेष सत्रलाई सम्बोधन गर्नुहुँदै सो कुरा बताउनुभएको हो । राष्ट्रपति पौडेलले नेपालका तर्फबाट आयोजना गर्नुभएको ‘ पर्वतीय क्षेत्रमा जलवायुजन्य नोक्सानीको सम्बोधन’ विषयक विशेष सत्रमा जलावायु परिवर्तनका उस्तै प्रभावित राष्ट्रहरुलाई एकै ठाउँमा राखेर छलफल गर्दा समस्याको बारेमा बुझ्न र समाधान गर्न सहज हुने धारणा व्यक्त गर्नुभयो । राष्ट्रपति पौडेलले उक्त विशेष सत्रमा गर्नुभएको सम्बोधनको पूर्ण पाठ यसप्रकार छ।

**कीर्गिस्तानका सम्माननीय राष्ट्रपतिज्यू,**
**माल्दिभ्सका सम्माननीय राष्ट्रपतिज्यू,**
**अजरबैजानका सम्माननीय राष्ट्रपतिज्यू,**
**विकास साझेदार संस्थाका प्रमुख र प्रतिनिधिहरु,**
**विभिन्न देशका प्रमुख र प्रतिनिधिहरु,**
**मिडिया प्रतिनिधिहरु,**

सर्वप्रथम, हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस कार्यक्रममा उपस्थिति भई सक्रिय रुपमा भाग लिई दिनुभएकामा हार्दिक धन्यवाद दिन चाहन्छु । जलवायु परिवर्तन हामी सबैको साझा चुनौती भएको र यस साझा चुनौतीको सामना गर्न हामी सबैको साझा बुझाइ र साझा प्रयास बनाउनुपर्ने भएकाले हामीले यस कार्यक्रमको आयोजना गरेका हौँ ।जलवायु परिवर्तनका उस्तै प्रभावित राष्ट्रहरुलाई एकै ठाउँमा राखेर छलफल गर्दा समस्याको बारेमा बुझ्न र समाधान गर्न पनि सहज हुने हाम्रो विश्वास हो । सबैलाई आ-आफ्नो समस्या ठूलो लाग्नु स्वाभाविकै हो, तर पछिल्ला दिनमा नेपालले भोगेका जलवायु समस्याको चुनौती निकै हृदयविदारक छ।

तीन महिनाअघि विश्वको सर्वोच्च शिखर सगरमाथा नजिकैको हिमताल फुट्दा सम्पूर्ण थामेगाउँलाई बगाएर लग्यो, जबकि त्यस क्षेत्रमा मानवीय गतिविधि शून्य नै थियो । त्यस्तैगरी, विगत तीन महिनामा जलवायुजन्य प्रकोपमा परेर नेपालमा मात्र पाँच सयभन्दा बढी मानिसले ज्यान गुमाउन पुगे भने खर्बभन्दा बढीको हानि-नोक्सानी भएको छ । यस प्रकारको हानि-नोक्सानी भर्खरै स्पेनमा भएको बाढी र डुबानलाई हेर्दा पनि हुन्छ, र गत जुलाईमा क्यारिबियन क्षेत्रमा आएको आँधीबेहरी हेर्दा पनि हुन्छ। भोलिका दिनमा यो मानवीय सङ्कट कसलाई कतिबेला पर्छ, कसैलाई थाहा छैन, तर आज समस्या परेको देशलाई सबै मिलेर सहयोग गर्नु नै मानवीय धर्म हो भन्ने हामी नेपालीको विश्वास पनि हो।

पहाडी देशमा परेको जलवायु जोखिमको प्रभाव सामुद्रिक देशमा पर्न सक्ने र सामुद्रिक किनार माथि उठ्न सक्ने भएकाले आउँदा दिनमा पर्वतीय देश र सामुद्रिक देश मिलेर साझा कार्यक्रमका साथ एकीकृत रुपमा काम गर्न म हार्दिक अनुरोध गर्दछु। मुख्यगरी कार्बन उत्सर्जन गर्ने विकसित राष्ट्र र उच्च दरमा आर्थिक वृद्धि गर्ने राष्ट्रले उच्च जलवायु जोखिममा परेका राष्ट्रका लागि बढी सहयोग गर्नुपर्ने हुन्छ, बढीभन्दा बढी जलवायु वित्तको व्यस्थापन गर्न २९औं जलवायु सम्मेलन सफल हुनेछ भन्ने मेरो विश्वास छ।

जलवायु परिवर्तनका प्रभाव बहुआयामिक भएकाले हानि-नोक्सानीलाई जलवायुवित्त व्यवस्थापनका लागि नयाँ समिष्टिगत सङ्ख्यात्मक लक्ष्यमा हानि-नोक्सानी समेत समेट्न म विशेष आह्वान गर्दछु । अन्त्यमा, पुनः एकपटक सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद दिँदै यस कार्यक्रमलाई म यही अन्त्य गर्दछु । प्रकृति संरक्षणका लागि विश्वलाई अपिल गर्दै वेद्को यो उद्धरणलाई उद्धृत गर्दै आफ्नो भनाइ टुङ्ग्याउँछु।

*ॐ द्यौः शान्तिरन्तरिक्षं शान्तिः*
*पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः ।*
*वनस्पतयः शान्ति विश्वेदेवाः शान्ति ब्रह्म शान्तिः*
*सर्वं शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ॥*
*ॐ शान्तिः शान्तिः शान्तिः ॥*

# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछः प्रधानमन्त्री

जुम्ला । प्रधानमन्त्री केपी शर्मा ओलीले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई थप प्रभावकारी रुपमा सञ्चालन गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा दिइने बताउनुभएको छ।

प्रतिष्ठानको प्रथम दीक्षान्त समारोहलाई सम्बोधन गर्दै प्रतिष्ठानका कुलपति समेत रहनुभएका प्रधानमन्त्री ओलीले कर्णालीका जनताले आफ्नै ठाउँमा गुणस्तरीय स्वास्थ्य सुविधा पाउन थालेकामा खुसी व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “रकम कर्णालीमा सय शय्याको अस्पताल बनाउने प्रक्रिया सुरु भइसकेको छ। ”


प्रधानमन्त्री ओलीले प्रतिष्ठानमा आवश्यक थप सेवासुविधामा उपलब्ध सरकार प्रतिबद्ध रहेको बताउनुभयो । प्रतिष्ठानको परिकल्पनादेखि नै आफू जानकार रहेको र चुनौतीका बीच विगतमा आफू प्रधानमन्त्री हुँदा चिकित्सा शिक्षा आयोगको बैठकबाट स्वीकृति गराएर प्रतिष्ठानमा चिकित्सा कक्षा सञ्चालन भई पहिलो दीक्षान्तसम्म आइपुगेकामा उहाँले खुसी व्यक्त गर्नुभयो । “अभिभावकको लगानी, आशा र विश्वासका साथै तपाईंहरुको मेहनत र लगावका कारण आज यो सफलता हासिल भएको छ । दीक्षित विद्यार्थीहरुलाई हरेक क्षेत्रमा सफलता हासिल गरी नयाँ नयाँ कीर्तिमान कायम गर्नुहुने मैले विश्वास लिएको छु। यस सफलतालाई दूरदराजका जनताको गुणस्तरीय स्वास्थ्य सेवा दिन लाग्नुहोस् । ”

दीक्षित विद्यार्थीलाई प्रधानमन्त्री ओलीको आग्रह थियो, “म खुसी व्यक्त गर्न चाहन्छु, कर्णाली अगाडि बढ्दैछ । कर्णाली र सुदूरपश्चिमका गरी १३ जिल्लाका जनताले यहाँबाट स्वास्थ्य सेवा पाउनु असम्भव जस्तै ठानिएको सपना पूरा भएको अवसर हो । अब यसलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नु हामी सबैको दायित्व हो ।”

संयुक्त राज्य अमेरिकाको हार्वड मेडिकल कलेज सेन्टर फर प्राइमरी केयर र सिस्टम स्ट्रेन्थेनिङका निर्देशक प्रा डा क्रिस्टिन मसेङर प्रमुख अतिथि रहनुभएको समारोहमा जनस्वास्थ्य, नर्सिङ र चिकित्साशास्त्र विषयमा स्नातक र स्नातकोत्तर तहमा अध्ययन पूरा गरेका ५८ विद्यार्थी दीक्षित भएका प्रतिष्ठानका प्रशासकीय अधिकृत अमृतबहादुर भण्डारीले जानकारी दिनुभयो।

समारोहमा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा डा अञ्जनीकुमार झालगायत सहभागी हुनुहुन्छ ।रासस

> “अभिभावकको लगानी, आशा र विश्वासका साथै तपाईंहरुको मेहनत र लगावका कारण आज यो सफलता हासिल भएको छ । दीक्षित विद्यार्थीहरुलाई हरेक क्षेत्रमा सफलता हासिल गरी नयाँ नयाँ कीर्तिमान कायम गर्नुहुने मैले विश्वास लिएको छु । यस सफलतालाई दूरदराजका जनताको गुणस्तरीय स्वास्थ्य सेवा दिन लाग्नुहोस् । ”



# कर्णालीको स्वास्थ्य सेवालाई सुदृढ बनाउन स्वास्थ्यमन्त्री पौडेलको आग्रह



जुम्ला । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य बीमाको दायरालाई फराकिलो बनाउन लागिएको जानकारी दिनुभएको छ । यहाँस्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रथम दीक्षान्त समारोहमा उहाँले कर्णालीको स्वास्थ्य सेवालाई सुदृढ बनाउन प्रतिष्ठानले थप जिम्मेवारीका साथ काम गर्न निर्देशन दिनुभयो।

उहाँले भन्नुभयो, “स्वास्थ्य सेवालाई सहज बनाउन मन्त्रालय लागिपरेको छ । प्रतिष्ठानले दक्ष जनशक्ति उत्पादन गर्नेगरी काम गर्न आग्रह छ । मन्त्रालयले वार्षिक बजेटमा कर्णालीको स्वास्थ्य क्षेत्रलाई सुदृढ बनाउन विशेष प्राथमिकतामा राखेको छ ।” स्वास्थ्यमन्त्री पौडेलले जलनका सबै बिरामीहरुलाई सरकारले निःशुल्क उपचारको व्यवस्था समेत गरेको जानकारीदिनुभयो।

संयुक्त राज्य अमेरिकाको हार्वड मेडिकल कलेज सेन्टर फर प्राइमरी केयर र सिस्टम स्ट्रेन्थेनिङका निर्देशक प्रा डा क्रिस्टिन मसेङर प्रमुख अतिथि रहनुभएको सो प्रथम दीक्षान्त समारोहमा जनस्वास्थ्य, नर्सिङ र चिकित्साशास्त्र विषयमा स्नातक र स्नातकोत्तर तहमा अध्ययन गरेका ५८ विद्यार्थी दीक्षित भएका प्रतिष्ठानका प्रशासकीय अधिकृत अमृतबहादुर भण्डारीले जानकारी दिनुभयो।

दीक्षान्त समारोह यसअघि गत भदौ २३ गते तय गरिएको थियो। सो अवसरमा प्रधानमन्त्री ओलीले प्रतिष्ठानको नवनिर्मित शैक्षिक भवन उद्घाटन गर्नुभएको थियो ।रासस

# आत्मसमीक्षासहित उपनिर्वाचनमा होमिन नेता तथा कार्यकतालाई अध्यक्ष दाहालको निर्देशन



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘ प्रचण्ड’ले आत्मसमीक्षासहित उपनिर्वाचनमा होमिन पार्टीका नेता तथा कार्यकर्ताहरुलाई निर्देशन दिनुभएको छ। आगामी मङ्सिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि काठमाडौँको कीर्तिपुर नगरपालिकामा उम्मेदवारी घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले आफ्नो पार्टी नेतृत्वका सरकारले अघि बढाएका सकारात्मक कामलाई जनतासमक्ष पुऱ्याउन आग्रह गर्नुभयो।

“जनताले हामीबाट जे अपेक्षा गरेका थिए, त्यसलाई जस्ताको तस्तै पूरा गर्न सकेनौँ”, अध्यक्ष दाहालले भन्नुभयो, “हामी बदलिन चाहन्छौँ, अवसर दिनुहोस् भनेर जनताको बीचमा जानुहोस् । टोल-टोल र घरघरमा पुग्नुहोस् ।” सरकारमा भएकोमा बेला माओवादीले हरेकपटक रुपान्तरणकारी काम गरेको दाबी गर्दै उहाँले पार्टीले पूरा गर्न नसकेका काम सम्पन्न गर्ने प्रतिबद्धतासहित जनताको बीचमा जान आग्रह गर्नुभयो।

कीर्तिपुर क्षेत्र इतिहासदेखि नै वीरता र विद्रोहको केन्द्र भएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले भन्नुभयो, “यहाँको इतिहास, वीरता र विद्रोहको सम्मान गर्दै नयाँ समृद्धिको अभियान सञ्चालन गर्न आवश्यक छ । सुशासन, सामाजिक न्याय र समृद्धिको अभियानमा कीर्तिपुरले नयाँ कीर्तिमान कायम गर्ने छ ।”

इमान्दार, सरल, पारदर्शी एवं भाषा संस्कृतिका संरक्षक तथा कीर्तिपुरका सामाजिक व्यक्तित्वका रुपमा स्थापित प्राडा शिवशरण महर्जनलाई पार्टीले नगरप्रमुखको उम्मेदवार बनाएको अध्यक्ष दाहालले स्पष्ट पार्नुभयो। विभिन्न जातजातिको सङ्गम बन्दै गएको भए पनि कीर्तिपुरको मूल पहिचान नेवारी समुदाय र नेवाः सभ्यता भएको उल्लेख गर्दै उहाँले त्यसलाई सफल नेतृत्व प्राडा महर्जनले मात्रै गर्न सक्ने बताउनुभयो।

“सांस्कृतिक वैभव यहाँको पूँजी र पहिचान हो”, अध्यक्ष दाहालले भन्नुभयो, “त्यसलाई थप स्थापित गर्दै कीर्तिपुरलाई देशभरिकै नमूना सांस्कृतिक नगर बनाउन प्राज्ञिक व्यक्तित्व महर्जनले मात्रै सक्नुहुन्छ भन्ने यहाँका मतदाताले राम्रोसँग बुझ्दै गएका छन्, त्यसैले उहाँलको जीत निश्चित छ ।”

**महर्जनको उम्मेदवारी घोषणा**

माओवादी केन्द्रले कीर्तिपुरको प्रमुखका लागि प्राडा महर्जन, वडा नं १ को अध्यक्षका लागि अष्टमान महर्जन र वडा नं ४ को अध्यक्षका लागि इन्जिनियर नारायण विष्टलाई अघि सारेको छ। उम्मेदवार घोषणा गर्दै माओवादी केन्द्रका बागमती प्रदेश अध्यक्ष सरल सहयात्रीले पार्टीको स्थानीय तहबाट सर्वसम्मतरुपमा आएको सिफारिस जिल्ला र प्रदेशले अनुमोदन गरेको जानकारी गराउनुभयो।रासस

# एमालेको जागरणसभा तयारीका लागि संयोजन समिति गठन

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले मङ्सिर ७ गते काठमाडौँमा गर्न लागेको जागरणसभा तयारीका लागि संयोजन समिति गठन गरेको छ। नेकपा (एमाले) काठमाडौँ, ललितपुर र भक्तपुर तीन जिल्लाको संयुक्त आयोजनामा मङ्सिर ७ गते काठमाडौँमा हुने जागरणसभाको तयारीका लागि आज बसेको बैठकले ११ सदस्यीय संयोजन समिति गठन गर्ने निर्णय गरेको हो।

पार्टी महासचिव शङ्कर पोखरेलको उपस्थितिमा पार्टी केन्द्रीय कार्यालयमा उपत्यका मातहत कमिटी, जनसङ्गठन र विभागीय प्रमुखको संयुक्त विस्तारित बैठकले सभालाई भव्य र सुव्यवस्थित गर्नका लागि पार्टीको बागमती प्रदेश इन्चार्ज डा राजन भट्टराईको संयोजकत्वमा जागरण सभा संयोजन समिति गठन गरेको छ। समितिको सहसंयोजक जिम्मा पार्टीको बागमती प्रदेश कमिटी

नेकपा एमाले

अध्यक्ष कैलाश ढुङ्गेललाई दिइएको छ।

समितिका सदस्यहरुमा टुका हमाल, प्रेमकुमार पराजुली, श्यामकुमार बस्नेत, दीपक निरौला, बचन देउजा, पुरुषोत्तम आचार्य, क्षितिज थेबे, शमिक बडाल र जनक चौधरी रहनुभएको छ।

जागरणसभा संयोजन समितिको आजै बसेको प्रथम बैठकले सभालाई प्रभावकारी बनाउन, जनपरिचालन, जनसभा, जनप्रदर्शन समेतको व्यवस्था मिलाएको समितिका संयोजक डा भट्टराईले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।रासस

# बालगृह सुधार गर्न मन्त्रालयले सक्रियता बढायो

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विभिन्न ठाउँमा सञ्चालनमा रहेका बालगृहको अनुगमन गरी सञ्चालक तथा कर्मचारीलाई बालगृह सञ्चालनसम्बन्धी कानुन र मापदण्डबारे अभिमुखिकरण





गरेको छ। पछिल्लो चार महिनामा बालगृहको अनुगमन गरी ३१ बालबालिकालाई उनीहरुको परिवारसँग पुनःमिलन गराएको छ।

सात वटा बालगृह सञ्चालक तथा कर्मचारीलाई बालगृह सञ्चालनसम्बन्धी कानुन र मापदण्डका बारेमा अभिमुखिकरण गरिएको र मापदण्ड पूरा गरेका ४२ बालगृहलाई सञ्चालन अनुमति पत्र प्रदान गरिएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले जानकारी दिनुभयो । उहाँका अनुसार १७ बालगृहलाई अनुगमनपछि पृष्ठपोषण गरिएको छ । आफू मन्त्री भएको करिब चार महिनाको अवधिमा जोखिममा परेका एक सय १३ बालबालिकाको आकस्मिक उद्धार गरी संरक्षण गरिएको तथा आठ सय ७९ बालबालिकालाई आवश्यक राहत तथा मनोपरामर्श प्रदान गरिएको जानकारी दिनुभयो।

मन्त्रालयले पछिल्लो समय एक सय ४० बेवारिसे बालबालिकाको उद्धार गरी ९१ जनालाई पारिवारिक पुनःमिलन गराएको छ। मन्त्रालयले २०८० वैशाख १५ गतेको सचिवस्तरीय निर्णय बमोजिम बाल सुधारगृह सञ्चालनका लागि नुवाकोटस्थित साविकको कारागार कार्यालय भवनको स्थलगत निरीक्षणसमेत गरी सामान्य मर्मत सम्भार गरेर सञ्चालन गर्न सकिने देखिएकोले उक्त भवनलाई बालसुधार गृह सञ्चालन गर्ने प्रयोजनका लागि भवन उपलब्ध गराउन गृह मन्त्रालयसँग पत्राचार गर्नुका साथै समन्वय गर्ने काम गरिएको मन्त्री सुडीले बताउनुभयो।

त्यसैगरी बालबालिकामा भएको लगानीको लेखाजोखा गर्न बजेट कोड तयार गर्न तयारी भइरहेको, बालबालिकासम्बन्धी ऐन २०७५ को संशोधनका लागि सरोकारवालासँग सुझाव सङ्कलनको काम भइरहेको तथा मस्यौदा तयारी हुने क्रममा रहेको मन्त्री सुडीको भनाइ छ।

गैरसरकारी संस्थामार्फत व्यवस्थापन करारमा सञ्चालन भइरहेका बाल सुधारगृह मोरङ, भक्तपुर, कास्की र बाँकेको गत आर्थिक वर्ष असार मसान्तमा म्याद सकिएकाले चालु आर्थिक वर्षको पुस मसान्तसम्म म्याद थप गरिएको तथा आगामी दिनमा नेपाल सरकारले नै सञ्चालन गर्न तयारी भइरहेको मन्त्री सुडीले जानकारी दिनुभयो ।त्यसैगरी तनहुँको ढकालटारमा बालगृहको भवन निर्माणका लागि विनियोजित रकम सङ्घीय आयोजना कार्यान्वयन एकाई कास्कीलाई अख्तियारी हस्तान्तरण गरिएको मन्त्रालयले जनाएको छ ।रासस

# एकीकृत समाजवादीले स्थानीय तहको उपनिर्वाचनमा गठबन्धन गर्ने

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले आगामी मङ्सिर १६ गते हुने स्थानीय तहको उपनिर्वाचनका लागि वैचारिक दृष्टिकोण निकट दलहरुसँग स्थानीय तहको आवश्यकतानुसार सहकार्य गर्ने भएको छ।

समान विचार भएका व्यक्ति तथा समूह, पार्टीहरुबीच एकता र सहकार्यको नीतिलाई प्राथमिकता दिएको पार्टीले आफ्नो सङ्गठन बलियो भएका क्षेत्रमा अन्य दलको सहयोग लिने तथा साङ्गठनिक प्रभाव कम भएको ठाउँमा गठबन्धनका उम्मेदवारलाई सहयोग गर्ने नीति लिएको हो।



पार्टीले उपनिर्वाचनमा स्थानीय विकास तथा आर्थिक रुपान्तरणका विषयलाई प्राथमिकता दिएर उम्मेदवार छनोट गर्न प्रदेश कमिटीलाई निर्देशन दिएको सचिव सोमप्रसाद पाण्डेयले जानकारी दिनुभयो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)लगायत अन्य केही दलसँग सहकार्य तथा गठबन्धनका लागि अन्तिम चरणमा छलफल गरिएको छ। त्यसका आधारमा कति उम्मेदवार कुन स्थानमा छनोट गर्ने भन्ने टुङ्गो लगाइनेछ।

करिब एक लाख ५० हजार सङ्गठित सदस्य रहेको पार्टीले सङ्गठन सुदृढीकरणमा अनुभव तथा योगदान गरेका नेता एवं कार्यकर्तालाई उम्मेदवार सिफारिस गर्न कमिटीलाई निर्देशन दिएको छ। सत्तारुढ दलहरुसँग गठबन्धन नगर्ने पार्टीले जनाएको छ। स्थानीय तहमा रिक्त ४४ पदका लागि आगामी मङ्सिर २ गते मनोनयन दर्ता गर्ने समयसीमा निर्वाचन आयोगले तोकेको छ।

आगामी मङ्सिर १६ गते हुने जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उक्त दिन निर्वाचन हुनेछ ।रासस

जनकपुर टुडे
२०८१ साल कार्तिक २९ गते बिहीबार (14 November, Thursday, 2024)

# अरुणका उपग्रहहरूमा जीवन फेला पर्न सक्ने नयाँ अध्ययनको सङ्केत

बीबीसी

काठमाण्डु । अरुण ग्रह र यसका पाँच ठूला उपग्रहहरू यसअघि वैज्ञानिकहरूले विश्वास गरेजस्तो मृत र जीवनको कुनै उपस्थिति हुन नसक्ने प्रकृतिको नहुन पनि सक्ने देखिएको छ।

बरू तिनमा समुद्रहरू हुन सक्ने र कतिपय उपग्रहमा त जीवनलाई सम्भव तुल्याउन सक्ने परिस्थिति समेत रहेको हुन सक्ने वैज्ञानिकहरूले बताएका छन्। उक्त ग्रह र यसका चन्द्रमाहरूका बारे हामीलाई हालसम्म थाहा भएको जानकारी झन्डै चालीस वर्षअघि नासाको 'भोएजर-२' अन्तरिक्षयानले हासिल गरेको तथ्याङ्कहरूमा आधारित छन्।

तर हाल गरिएको नयाँ तथ्य विश्लेषणले देखाएअनुसार त्यसबेला 'भोएजर'को यात्राको समयमा त्यहाँ ठूलो सौर्यआँधीको प्रभाव परेको थियो र त्यसका कारण अरुण ग्रहको प्रणाली वास्तवमा कस्तो थियो भन्नेमा अन्योलकारी विचारले प्रधानता पाएको हुन सक्छ। 'यूरेनस' भनिने अरुण ग्रह हाम्रो सौर्यमण्डलको बाहिरी क्षेत्रमा अवस्थित बरफको चक्रले घेरिएको र सुन्दर देखिने ग्रह हो। सबै ग्रहहरूमध्ये सबैभन्दा चिसो ग्रहहरूमा अरुण पनि पर्दछ।



अन्य ग्रहहरूको दाँजोमा अरुण ग्रह एकातिर ढल्केको छ, मानौँ केहीसँग ठोकिएर कोल्टे परेको जस्तो। त्यसैले यसलाई कोहीकोहीले अचम्मको ग्रहसमेत भन्छन्। सन् १९८६ मा 'भोएजर-२' अन्तरिक्षयान अरुण ग्रह नजिकैबाट अघि बढ्दा पृथ्वीमा पठाएको सो ग्रह र यसका पाँच ठूला उपग्रहहरू देखिने अद्भुत तस्बिर नै हामीले देखेको यसको सबैभन्दा पहिलो नजिकको तस्बिर थियो।तर वैज्ञानिकहरूलाई अझ धेरै चकित तुल्याएको त 'भोएजर-२' ले पठाएको तथ्याङ्कले थियो जसले अरुण ग्रहको प्रणाली तिनीहरूले सोचेको भन्दा पनि अनौठो भएको सङ्केत गरेको थियो।

उक्त अन्तरिक्षयानमा जडित उपकरणहरूले गरेको मापनअनुसार उक्त ग्रह र यसका चन्द्रमाहरू निष्क्रिय छन्, जुन अवस्था बाह्य सौर्यप्रणालीका अन्य उपग्रहरूभन्दा भिन्न हो। त्यस बेला प्राप्त तथ्याङ्कहरूले अरुण ग्रहको सुरक्षात्मक चुम्बकीय क्षेत्र पनि अनौठो ढङ्गले तन्किएको देखाए। त्यो केही थिचिएको जस्तो गरी सूर्यभन्दा टाढा धकेलिएको जस्तो देखिएको थियो।

कुनै पनि ग्रहको चुम्बकीय क्षेत्रले उक्त ग्रह र त्यसका चन्द्रमाहरूबाट निस्कने ग्यासहरू र अन्य पदार्थलाई आफूमा अल्झाएर राख्ने गर्दछ। त्यस्ता ग्यास र पदार्थहरू ती ग्रह तथा उपग्रहमा रहेका समुद्र वा अन्य भौगर्भिक गतिविधिका कारण उत्पन्न भएका हुन सक्छन्।

'भोएजर-२' ले त्यस्तो केही पनि फेला पारेन, जसको अर्थ यूरेनस वा अरुण ग्रह र त्यसका पाँच ठूला चन्द्रमा निष्क्रिय र जीवनको उपस्थिति हुन नसक्ने खालको रहेको भन्ने हुन्छ।

यो जानकारीलाई एकदमै ठूलो आश्चर्यका रूपमा लिइएको थियो किनकि यो सौर्यप्रणालीका अन्य ग्रह र तिनका चन्द्रमाहरूको अवस्थाभन्दा भिन्न थियो।

तर अब तथ्याङ्कहरूको नयाँ विश्लेषणले दशकौँ पुरानो रहस्यको समाधान प्रस्तुत गरेको बताइएको छ। नयाँ जानकारीकाअनुसार जुन समयमा 'भोएजर-२' अरुण ग्रहनजिक भएर अघि बढेको थियो, त्यो एक अनुपयुक्त समय थियो।

नयाँ अनुसन्धानबाट देखिएअनुसार अरुण ग्रहनजिकबाट 'भोएजर-२' अघि बढ्ने बेलामा नै सूर्य एकदमै चर्कोसँग चम्किरहेको थियो। त्यस बेला सिर्जना भएको शक्तिशाली सौर्यआँधीले अरुण ग्रहको चुम्बकीय क्षेत्रमा रहेका पदार्थहरू उडाएर लगेको र उक्त चुम्बकीय क्षेत्रको आकारलाई नै अस्थायी रूपमा बदलिदिएको हुनुपर्छ।यूनिभर्सिटी कलेज लन्डनका डा. विलिअम डनका अनुसार ४० वर्षसम्म हामीले यूरेनस अर्थात् अरुण ग्रह र यस पाँच ठूला चन्द्रमाहरूका बारेमा गलत धारणामा विश्वास गरिरहेका रहेछौँ।

"यी नतिजाहरूले देखाएअनुसार यूरेनसको प्रणाली पहिले ठानिएकोभन्दा एकदमै धेरै उत्साहजनक हुनुपर्छ। चन्द्रमाहरूमा जीवनका लागि आवश्यक परिस्थितिहरू रहेका हुन सक्छन्। सतहभन्दा मुनि समुद्रहरू हुन सक्छन् र त्यस्ता समुद्रहरूमा माछाहरू समेत हुन सक्छन्।" लिन्डा स्पिलकर यूरेनसको तथ्याङ्क प्राप्त भएको बेला 'भोएजर' कार्यक्रममा कार्यरत युवा वैज्ञानिक थिइन् ।

उनी 'भोएजर' अभियानहरूका लागि अझै पनि परियोजना वैज्ञानिकका रूपमा कार्यरत छिन्। 'नेचर एस्ट्रोनोमी' जर्नलमा प्रकाशित नयाँ नतिजाहरूका बारे थाहा पाउँदा आफूलाई निकै हर्ष लागेको उनी बताउँछिन्।

बीबीसी न्यूजसँग कुरा गर्दै उनले भनिन्, "यी नतिजाहरू चाखलाग्दा छन् र म यूरेनस प्रणालीमा जीवनका लागि सम्भावित अवस्थाहरू छन् भन्ने थाहा पाउँदा निकै उत्साहित छु।" 'भोएजर-२' अन्तरिक्षयान बरफिलो अरुण ग्रह र यसका चन्द्रमाहरूको नजिक भएर गएको ४० वर्ष भइसकेको छ। अमेरिकी अन्तरिक्ष प्रशासन नासाले अबको दश वर्षमा त्यहाँ गएर फेरि अवलोकन गर्न 'यूरेनस अर्बिटर' र 'प्रोब' नामक नयाँ अन्तरिक्ष अभियान थाल्ने योजना बनाएको छ।

# राष्ट्रसङ्घका आणविक प्रमुख महत्वपूर्ण वार्ताका लागि इरान प्रस्थान

एएफपी

तेहरान । अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय (आइएइए) का प्रमुख राफेल ग्रोसीले इरानको आणविक कार्यक्रमबारे महत्वपूर्ण वार्ताका लागि बुधबार तेहरानतर्फ प्रस्थान गर्नुभएको छ ।

इरानको क्षेत्रीय शत्रु इजरायलका रक्षामन्त्रीले इस्लामिक गणतन्त्र इरानको आणविक केन्द्रहरूमा आक्रमण गर्ने कुरा पहिलेभन्दा बढी उजागर भएको चेतावनी दिएको दुई दिनपछि उहाँको यो भ्रमण हुन लागेको हो ।इरानले लामो समयदेखि आणविक हतियार निर्माण गर्न खोजेको आरोप इजरायलले लगाउँदै आएको छ।गाजामा हमास र लेबनानको हिजबुल्लाहसँग इजरायलको युद्धलाई लिएर तनाव बढिरहेका बेला यी दुई देशले यस वर्ष क्षेप्यास्त्र आक्रमण गरेका हुन् ।



यस आक्रमणले उनीहरूको वर्षौं लामो छायाँ युद्धलाई सतहमा ल्याएको छ र मध्यपूर्वमा व्यापक द्वन्द्वको डरलाई बढावा दिएको छ।ग्रोसीले आफ्नो भ्रमणअघि एएफपीसँगको अन्तर्वार्तामा भन्नुभयो, "कुटनीतिक समाधानका उपाय खोज्नु अत्यावश्यक छ ।"आईएईएलाई इरानमा निरीक्षण गर्न अनुमति दिइएको भए तापनि ग्रोसीले इरानको आणविक कार्यक्रमको परिमाण र महत्वाकाङ्क्षालाई ध्यानमा राख्दै यसको 'अधिक अनुगमन' को आवश्यकतामा जोड दिनुभयो ।

"उनीहरूसँग धेरै आणविक सामग्री छन् जुन अन्ततः आणविक हतियार बनाउन प्रयोग गर्न सकिन्छ," आईएईए प्रमुखले सीएनएनसँग भन्नुभयो, "उनीहरूसँग अहिले आणविक हतियार छैन।"तत्कालिन अमेरिकी राष्ट्रपति बाराक ओबामाको कार्यकालमा सन् २०१५ मा इरानसँग भएको आणविक सम्झौताबाट सन् २०१८ मा पछि हटेका डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा पुनः निर्वाचित भएपछि ग्रोसीको यो भ्रमण हुन लागेको हो ।ट्रम्पले गत हप्ता इरानलाई हानि पुर्‍याउन नचाहेको बरु त्यहाँका जनतासँग 'निकै सफल देश' होस् भन्ने चाहेको बताउनुभएको थियो ।

सन् २०१५ मा संयुक्त राज्य अमेरिकालगायत विश्वका प्रमुख शक्ति राष्ट्रहरूले इरानसँग २१ महिनाको वार्तापछि उसको आणविक कार्यक्रमबारे सम्झौता गरेका थिए।उक्त सम्झौतामा इरानले आणविक हतियार नखोज्ने ग्यारेन्टीको बदलामा इरानमाथिको अन्तर्राष्ट्रिय प्रतिबन्धलाई खुकुलो बनाउने व्यवस्था गरिएको थियो ।तर ट्रम्पले सन् २०१८ मा सम्झौताबाट पछि हट्दै इरानमाथि पुनः अमेरिकी प्रतिबन्ध लगाएको घोषणा गर्नुभएको थियो ।

त्यसको एक वर्षपछि इरानले आणविक सम्झौताप्रतिको आफ्नो प्रतिबद्धतालाई क्रमशः फिर्ता लिन थाल्यो, जसले तेहरानलाई ३.६५ प्रतिशत शुद्धतामा युरेनियम संवर्धित गर्न मात्र अनुमति दियो। आईएईएका अनुसार इरानले आफ्नो संवर्धित युरेनियमको भण्डार ६० प्रतिशत पुर्‍याएको छ, जुन आणविक बम बनाउन आवश्यक पर्ने ९० प्रतिशतको हाराहारीमा छ ।यही पृष्ठभूमिमा ग्रोसीले मे महिनायता पहिलो पटक इरानको भ्रमण गर्न लाग्नुभएको हो।

आईएईएले एक विज्ञप्ति जारी गर्दै इरानी सरकारसँग उच्चस्तरीय बैठक गर्ने र सबै पक्षमा प्राविधिक छलफल गर्ने जनाएको छ ।गत जुलाईमा पश्चिमा मुलुकसँगको सम्बन्ध सुधार्ने र प्रतिबन्ध फुकुवा हुने आशाका साथ सत्तामा आएका इरानका राष्ट्रपति मसूद पेजेस्कियान आणविक सम्झौताको पुनरुत्थानको पक्षमा हुनुहुन्छ।

# रूसद्वारा किएभमा मिसाइल र ड्रोनद्वारा आक्रमण

एएफपी

युक्रेन । रूसले बुधबार किएभमा आफ्नो आक्रमण बढाइ राजधानीमा ड्रोन र मिसाइलद्वारा ७० भन्दा बढी हवाई आक्रमण गरेको अधिकारीहरूले बताएका छन् ।रूसी सेनाहरू पूर्वमा अगाडि बढिरहेको अवस्थामा डोनाल्ड ट्रम्पको विजयपछि भविष्यको अमेरिकी सहायतामा बढ्दो चिन्ताबीच रूसले युक्रेनी भूमिमा निरन्तर आक्रमण गरिरहेको छ । राजधानीमा विस्फोट भएपछि बासिन्दाले किएभको मध्य क्षेत्रमा रहेको भूमिगत मेट्रो स्टेसनमा शरण लिइरहेको एएफपीले जनाएको छ ।



किएभका अधिकारीहरूले ब्रोभरीको उपनगरमा ड्रोन खस्दा एक जना घाइते भएको तथा प्रभावित स्थलमा आगलागीका तस्बिरहरू देखाएका छन् । क्रेमलिनले खेरसनको दक्षिणी क्षेत्रमा गरेको ड्रोन हमलामा ५२ वर्षीया महिलाको मृत्यु भएको 'ब्ल्याक सी' क्षेत्रका प्रमुखले बताउनुभएको छ । अधिकारीहरूले किएभ नजिक मिसाइलहरू आइरहेको जानकारी दिँदै गर्दा धेरै वटा हवाई आक्रमणको साइरन बजिरहेको सुनिएको थियो ।

युक्रेनी सहरहरू खासगरी दक्षिणमा बढ्दो आक्रमणको एक हप्तापछि यो आक्रमण भएको हो ।एक दिनअघि राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको गृहनगरमा भएको रूसी हमलामा ३२ वर्षीया आमा र उनका तीन सन्तानको मृत्यु भएको थियो ।युक्रेनले महिनौँदेखि आफ्ना पश्चिमी सहयोगीहरूलाई सहर र महत्वपूर्ण पूर्वाधारमा रुसी आक्रमण रोक्न थप हवाई रक्षा प्रणाली उपलब्ध गराउन अपिल गर्दै आएको छ ।

# पाकिस्तानमा जन्ती बोकेको बस दुर्घटना हुँदा १४ जनाको मृत्यु

एएफपी

गिलगिट। उत्तरी पाकिस्तानको गिलगिट-बाल्टिस्तानमा बस दुर्घटना हुँदा कम्तीमा १४ जनाको मृत्यु भएको छ ।

एक विवाह समारोहबाट फर्कंदै गरेको २५ जना यात्रु बोकेको बस मङ्गलबार राति नदीमा खसेको स्थानीय प्रहरीले कार्यालयले बुधबार एएफपीलाई जानकारी दिएको छ।उद्धारका लागि घटनास्थमा खटिनुभएका वजीर असद अलीले भन्नुभयो, "बसमा २५ जना सवार थिए र अहिलेसम्म १४ जनाको शव निकालिएको छ भने १० जना अझै हराइरहेका छन् ।" गिलगिट-बाल्टिस्तानको पहाडी क्षेत्रका प्रहरी अधिकारीले घटनाको पुष्टि गर्दै हराइरहेकाहरूको खोजी कार्य जारी रहेको बताएका छन् ।

"घटनामा घाइते अवस्थामा उद्धार गरिएकी बेहुली खतरामुक्त छिन् र उनको गिलगित अस्पतालमा उपचार भइरहेको छ," अलीले भन्नुभयो । त्यस क्षेत्रका एक वरिष्ठ प्रहरी अधिकारी नाइक आलमले एएफपीलाई बताएअनुसार चालकले तीव्र गतिमा गाडी चलाएको जस्तो देखिन्छ।दुलहाको परिवार विवाहका लागि ५०० किलोमिटर भन्दा बढी टाढा पञ्जाबबाट गिलगिट-बाल्टिस्तानमा गई बेहुली लिएर घर फर्कंदै गर्दा दुर्घटना भएको थियो। पाकिस्तानमा सडक दुर्घटनाबाट हुने मृत्युदर अत्यधिक रहेको छ। यातायातका पूर्वाधार जीर्ण हुनु, पूराना सवारी साधनको प्रयोग, ट्राफिक नियमको पालनामा लापर्बाहीलगायतका कारण हुने सडक दुर्घटनाका कारण बर्षेनी हजारौँ मानिसले अकालमा ज्यान गुमाउने गर्छन् ।

बलुचिस्तानको मकरान सामुद्रिक राजमार्गमा गत अगस्टमा बस दुर्घटना हुँदा १२ जनाको मृत्यु भएको थियो ।सोही महिना पञ्जाब प्रान्त र पाकिस्तान प्रशासित काश्मिरको सिमानामा पर्ने आजाद पट्टन शहर नजिकै एउटा बस सडकबाट खोल्सोमा खस्दा बसमा सवार २४ जनाको मृत्यु भएको थियो ।

# गाजामा भएको इजरायली हमलामा तीनजना प्यालेस्टिनीको मृत्यु

क्यूएनए

गाजा । गाजा सहरको पूर्वमा रहेको सुजयिया र उत्तरी गाजा पट्टीमा गरिएको इजरायली कारबाहीमा बुधबार तीन जना प्यालेस्टिनीको मृत्यु भएको इजरायली सेनाले जनाएको छ । गाजाका चिकित्सा स्रोतले गाजा सहरको पूर्वमा रहेको सुजैयामा गरिएको आक्रमणमा दुई प्यालेस्टिनीको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको रिपोर्ट गरेको छ । उत्तरी गाजा पट्टीमा भएको इजरायली बम विष्फोटमा अल-तुफाह स्पोर्ट्स क्लबका खेलाडी, इयाद अबु खातेरको पनि मत्यु भएको स्रोतले जनाएको छ ।



यसैबीच, बेत लाहियाको अल-मन्सिया छिमेकमा एक परिवारलाई लक्षित गरेको बम विस्फोटमा धेरै प्यालेस्टिनीहरू घाइते भएका छन् ।सेनाले गाजा पट्टीको उत्तरमा जबालियामा आवासीय भवनहरू पनि खाली गराएका छन् भने गाजा सहरको उत्तरी क्षेत्रलाई लक्षित गरी छापा मारेको छ । सन् २०२३ अक्टोबर देखि गाजा पट्टीमा इजरायली आक्रमणमा परी अहिलेसम्म ४३ हजार ६६५ मानिसको मत्यु हुनुका साथै एक लाख तीन हजार ७६ जना घाइते भएको आपतकालीन र नागरिक सुरक्षा एजेन्सीले जनाएको छ।

# ज्वालामुखी विस्फोटपछि बालीतर्फ जाने उडान रद्द

एएफपी

जकार्ता । एन्डोनेसियाको लेवोटोबी ज्वालामुखी विस्पोटपछि अस्ट्रेलिया, हङकङ, भारत, मलेसिया र सिङ्गापुरलगाएतका एयरलाइन्सहरूले बुधबार इन्डोनेसियाको रिसोर्ट टापु बाली जाने उडानहरू रद्द गरेका छन् ।ज्वालामुखीले विमानस्थल नजिकैको आकाशको केही किलोमिटर टाढादेखि खरानीले टावरलाई ढाकेपछि उडानहरु रद्द गरिएको एयरलाइन्सहरूले जनाएका छन् । अष्ट्रेलियाको जेटस्टार, क्वान्टास र भर्जिन अष्ट्रेलियाले फ्लोरेस टापुको माउन्ट लेवोटोबी लाकी-लाकीले एक दिन अघि सबै उडानहरू रद्द गरेका थिए ।




मलेसिया एयरलाइन्स, एयरएशिया, भारतीय इन्डिगो र सिङ्गापुरको स्कुट एयरलाइन्सले पनि बुधबार उडानहरू रद्द गरेको एएफपीलाई प्राप्त सूचनामा उल्लेख छ । हवाई मार्गको वरपर ज्वालामुखीको खरानी फैलिएका कारण विमानको सुरक्षित सञ्चालनमा खतरा खडा भएपछि उडान रद्द गर्ने घोषणा एयर एशियाले जनाएको छ । हालैका हप्ताहरूमा एक हजार ७०३ मिटरको उचाइबाट ज्वालामुखी विस्फोट हुँदा नौ जनाको मृत्यु हुनुका साथै ३१ जना घाइते भएको तथा ११ हजारभन्दा बढी प्रभावितहरूलाई सुरक्षित स्थानमा सारिएको इन्डोनेसियाको प्रकोप न्युनिकरण निकायले जनाएको छ ।

विष्फोटपछि उडेको खरानी र धुलोले विमानको शिशा र हवाई मार्गलाई छेक्ने र विमान उडानका लागि आवश्यक भिजिविलिटी कम हुने जोखिम रहने र धुलाले इन्जिनहरूलाई क्षतिसमेत पुर्याउन सक्ने जनाइएको छ । यसैगरी, हङकङको क्याथे प्यासिफिक एयरलायन्सले पनि बिहीबारसम्म बाली जाने र त्यहाँबाट फिर्ता हुने उडानहरू रद्द गरिएको जनाएको छ । इन्डोनेसियामा ज्वालामुखीको प्रभावका कारण अस्ट्रेलियाले हालको उडान तालिकामा केही परिवर्तन गरेको तथा सिड्नी र मेलबर्नका लागि तय गरिएका उडानहरू रद्द गरिएको जनाएको छ ।

**बालीको अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक अहमद स्योगी साहाबले विस्पोटका कारण मङ् लबार १२ वटा आन्तरिक तथा २२ वटा अन्तर्राष्ट्रिय उडान प्रभावित भएको बताउनु भएको छ ।**

जेटस्टारले बाली जाने सबै उडानहरू बिहीबार दिउँसोसम्म रोकिने बताएको छ । इन्डोनेसियामा माउन्ट लेवोटोबीमा ज्वालामुखी विस्फोटका कारण कारण उडानहरू सुरक्षित नभएकाले उडान बन्द गरेको जेटस्टार कम्पनीले जनाएको छ । लेवोटोबीबाट आएको ज्वालामुखीको खरानीका कारण बालीको डेनपासर विमानस्थल जाने उडानहरू अवरुद्ध भएको क्वान्टासले पनि जनाएको छ। मलेसिया एयरलाइन्सले आफ्नो वेबसाइटमा एक विज्ञप्ति जारी गर्दै बुधबार छ वटा उडानहरू रद्द गरेको जनाएको छ। एयरलाइन्सले ज्वालामुखीको अवस्थाको निगरानी गरी उडानहरू अद्यावधिक गराउने जनाएको छ।

बालीको अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक अहमद स्योगी साहाबले विस्पोटका कारण मङ्लबार १२ वटा आन्तरिक तथा २२ वटा अन्तर्राष्ट्रिय उडान प्रभावित भएको बताउनु भएको छ ।यसैबीच, बालीको अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन शाखाले बुधबार आफ्नो हवाई क्षेत्रमा परीक्षण गर्दा ज्वालामुखीको हानीकारक खरानी फेला नपरेको उल्लेख गर्दै विमानस्थल सामान्य रूपमा सञ्चालन भइरहेको जनाएको छ।

# अफगानिस्तानमा सन् २०२१ पछि छैटौँ पटक सार्वजनिक रुपमा मृत्युदण्ड

एएफपी

गार्देज । अफगानिस्तानमा सन् २०२१ पछि छैटौँ पटक सार्वजनिकस्थलमा मृत्युदण्ड दिइएको छ । अफगानिस्तानको पूर्वी क्षेत्रमा रहेको रङ्गशालामा तालिबान प्रशासनले बुधबार एक दोषी ठहर गरिएका हत्यारालाई गोली हानेर मृत्युदण्ड दिएको हो ।घटनास्थलमा रहेका एएफपीका एक पत्रकारका अनुसार पक्तिया प्रान्तको राजधानी गार्डेजमा हजारौं दर्शकको अगाडि पीडित परिवारका एक सदस्यले ती व्यक्तिको छातीमा तीन वटा गोली प्रहार गरेका थिए ।



मृत्युदण्ड दिनुभन्दा अघिल्लो साँझ गभर्नरको कार्यालयले अधिकारीहरू र बासिन्दाहरूलाई सामाजिक सञ्जालमा 'यस कार्यक्रममा उपस्थित हुन' आह्वान गरेको थियो ।अफगानिस्तानको सर्वोच्च अदालतले जारी गरेको विज्ञप्तिमा एक हत्यारालाई प्रतिशोधात्मक सजाय सुनाइएको जनाएको छ ।मृत्युदण्डको आदेशमा तालिबानका सर्वोच्च नेता हिबतुल्लाह अखुन्दजादाले हस्ताक्षर गर्नुभएको छ।

तालिबान सत्तामा आउनुअघि देखि नै हबिबुल्लाह सैफ उल कातल नामका एक व्यक्तिको हत्या गरेको अभियोगमा उनी हिरासतमा रहेका थिए भने तीनवटा सैन्य अदालतले यस मुद्दाको 'निकै सटिक र पटक-पटक अनुसन्धान' गरेका थिए ।

बयानमा भनिएको छ, "पीडित परिवारलाई मृत्युदण्डमा रोक लगाउने मौका दिइएको थियो, तर उनीहरूले अस्वीकार गरेका थिए।"मृत्युदण्डदिने क्रममा गृहमन्त्री सिराजुद्दीन हक्कानीलगायत उच्च पदस्थ अधिकारीसमेतको उपस्थिति रहेको थियो ।

# यस्तो छ विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले बुधबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार आज अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ७४ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ३४ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर एक सय ४३ रुपैयाँ २२ पैसा र बिक्रीदर एक सय ४३ रुपैयाँ ८५ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७२ रुपैयाँ ८६ र बिक्रीदर एक सय ७३ रुपैयाँ ६३ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५२ रुपैयाँ ९० पैसा र बिक्रीदर एक सय ५३ रुपैयाँ ५८ पैसा कायम गरिएको छ।



अष्ट्रेलियन डलर एकको खरिद दर ८८ रुपैयाँ १९ पैसा र बिक्रीदर ८८ रुपैयाँ ५८ पैसा, क्यानेडियन डलर एकको खरिद दर ९६ रुपैयाँ ५५ पैसा र बिक्रीदर ९६ रुपैयाँ ९८ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय रुपैयाँ ७१ पैसा र बिक्रीदर एक सय एक रुपैयाँ १६ पैसा निर्धारण गरिएको छ।


जापानी येन १० को खरिददर आठ रुपैयाँ ७५ पैसा र बिक्रीदर आठ रुपैयाँ ७९ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६३ पैसा र बिक्रीदर १८ रुपैयाँ ७१ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ८७ पैसा र बिक्रीदर ३६ रुपैयाँ तीन पैसा, कतार रियाल एकको खरिद दर ३६ रुपैयाँ ९७ पैसा र बिक्रीदर ३७ रुपैयाँ १३ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइभाट एकको खरिददर तीन रुपैयाँ ८७ पैसा र बिक्रीदर तीन रुपैयाँ ८९ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ६८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ३७ पैसा र बिक्रीदर ३० रुपैयाँ ६० पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ५८ पैसा र बिक्रीदर नौ रुपैयाँ ६३ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ३९ पैसा र बिक्रीदर १२ रुपैयाँ ४५ पैसा र डेनिस क्रोनर एकको खरिद दर १९ रुपैयाँ २० पैसा र बिक्रीदर १९ रुपैयाँ २९ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ३२ पैसा र बिक्रीदर १७ रुपैयाँ ४० पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ ३५ पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ ३० पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५७ रुपैयाँ ४६ पैसा र बिक्रीदर तीन सय ५९ रुपैयाँ पाँच पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।रासस

# 'गाउँ छोड्दै युवा, बाँझिँदै जमिन'



आठबिसकोट । रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-३ खदी गाउँको करिब तीन सय रोपनी खेतीयोग्य जमिन अहिले बाँझो छ । गाउँका युवा उच्च शिक्षा र रोजगारीका लागि गाउँ छोडेर सहर तथ विदेश जान थालेसँगै यहाँको खेतीयोग्य जमिन बाझिँदै गएको हो ।

एक दश अघिसम्म खदी गाउँका खेतमा प्रशस्त अन्न, तरकारी र फलफूल उब्जन्थ्यो । अहिले युवाशक्तिको अभावमा करिब चार सय ५० परिवारका अधिकांश जग्गा बाँझो रहेका स्थानीय बुद्धिजीवी हरिबहादुर बुढामगरले बताउनुभयो । खदी गाउँको कालजुरा, लहाँ, चिन्चौर, बाँस्तला बजिनीलगायत गाउँका अधिकांशले आजभोलिल खेती गर्न छोडेका छन् ।

बुढामगरले भन्नुभयो, "जनशक्ति अभावकले खदीका स्थानीय खेतीयोग्य जमिन बाँझै छाड्न बाध्य छन् । अध्ययन र रोजगारीका सिलसिलामा युवा पलायन हुँदा खुदी गाउँको रौनक हराएको छ।"तलि, सल्लेरी र पाटा गाउँ मिलेर खदी गाउँ बनेको छ । कुनै बेला युवा बाहुल्य रहेको खदी गाउँमा आजभोलि विस्तारै बस्ती पातलिँदै गएको छ।

युवा जनशक्ति शिक्षा र रोजगारीको खोजीमा गाउँ छोडेर बाहिरिँदा कालजुरा, लहाँ, बाँस्तला, चिन्चौरलगायतको बस्ती खाली हुने अवस्थामा पुगेका बुढामगरले बताउनुभयो।

गाउँघरमा चल्ने अर्मपर्ममा युवा भेट्नै मुस्किल हुन थालेको छ । टोल छिमेकमा मर्दापर्दा तथा सामुदायिक कार्यक्रममा युवाको सहभागिता कमै देखिन्छ । सरसफाइ, खानेपानी र बाटोघाटो निर्माणलगायत का वृद्धवृद्धाको भरमा सञ्चालन हुने गरेको उहाँले बताउनुभयो ।कालजुरा, लहाँ, चिन्चौरलगायत स्थानमा पहिले बाक्लो बस्ती थियो । यहाँका किसान खेतीपाती र पशुपालनबाट आत्मानिर्भर थिए। कुनै समय गुल्जार भएका ती गाउँ आजभोलि सुनसान छन् । मकै र गहुँ उत्पादन हुने यी गाउँका खेतीयोग्य जमिन बाँझिएका छन्। खेतीयोग्य जमिन बाँझो रहनुको कारण युवा पलयन हुनु र बाँदरबाट उत्पादित खेती बचाउन नसक्नु रहेको बुढामगरको भनाइ हो।

परम्परागत कृषिबाट गुजारा नचलेपछि खदीका केही घरधुरी आठबिसकोट नगरपालिकाको राडी बजार, सदरमुकाम मुसिकोट, दाङ, सुर्खेतलगायत सहरमा बसाइँ सरेका छन् । वैदेशिक रोजगारीमा गएका कतिपय युवाले पनि सहरबजारतिर जमिन जोडेका छन् । बाध्यताले गाउँ छाडेर सहर पुगेका युवा त्यहीँ रमाएर गाउँ नर्फाकिँदा गाउँ रित्तिँदै गएको स्थानीय शिक्षक कमल रोकाको अनुमान छ । उच्च शिक्षाका लागि केही समय काठमाडौँमा रहनुभएका उहाँले भन्नुभयो, "स्वास्थ्य, शिक्षा, रोजगारीलगायत आधार भूत आवश्यकताको उचित प्रबन्ध हुन नसक्दा अवसरको खाजीमा गाउँ छाडेका युवा पुनः गाउँ फर्कदैनन् ।"

आठबिसकोट-३ का वडाध्यक्ष केशरमान विकले युवा पुस्ताले धमाधम गाउँ छाड्दा जनशक्ति अभावले खेतीयोग्य जमिन बाँझिदै गएकामा चिन्ता व्यक्त गर्नुभयो । नगरपालिकाले आधुनिक कृषि प्रणाली अपनाएर उत्पादन वृद्धि गरी स्थानीयलाई आत्मनिर्भर बनाउने लक्ष्यका साथ काम गरिरहेको भन्दै उहाँले युवाको अभावमा नगरको आत्मनिर्भर अभियान कार्यान्वयनमा समस्या देखिएको उल्लेख गर्नुभयो।

अहिले खदी गाउँमा खसी, राँगा तथा स्थानीय प्रजातिका कुखुरापालन हुन छोडेको स्थानीय नरबहादुर बुढाले बताउनुभयो । "गाउँमा बाटो पुगेसँगै पहिलेको भन्दा सेवासुविधा पनि बढेको छ। यसवा अवसरको खोजीमा गाउँ बाहिर जाँदा खेती गर्ने, पशुचौपालन गर्नेको कमी हुँदै गएको छ", उहाँले भन्नुभयो । उहाँका अनुसार कुनै समय झारमारे, जलजला, बसेरा चरनक्षेत्र र बुकीपाटन पशुचौपायाले भरिनेमा अहिले पशुपालन नभएपछि बुकीपाटन रित्ता देखिन्छन् ।

"बर्खायाममा गोठाला र पशुचौपायाले रमझम हुने खर्कहरु अहिले सुनसान छन् । कतिपय घरपरिवारले भने भैँडापालनलाई निरन्तरता दिँदै आएका छन्", स्थानीय सुरेश विकले भन्नुभयो । जनशक्ति अभाव हुँदा जीर्ण बनेका घर पुनःनिर्माण भएका छैनन्, भत्केका घर झाँडीमा परिणत भएका छन् भने जमिन बाँझा छन् । कतिपय बस्तीसम्म सडक सञ्जाल विस्ता नहुँदा किसान काम गर्न घण्टौँ पैदल हिँडेर पुग्नुपर्ने बाध्यता छ।

अत्यावश्यक पूर्वाधारको कमी, आधारभूत सेवाको पहुँच नहुनु तथा युवा जनशक्तिको अभावलगायत कारणले खदी गाउँका स्थानीय कृषि पेसाबाट पलायन हुन थालेका स्थानीय बुद्धिजीवी रणबहादुर परियारले बताउनुभयो । "पहिले गाउँलेहरु वर्षभरि खाना पुग्ने अन्न उत्पादन गर्न गाउँगाउँ गएर परम्परागत कृषिमा आबद्ध हुन्थ्ये । अहिले पारिवारिक सदस्य कम हुँदा विस्तारै परम्परागत कृषि पेसा छोड्दै गएका छन् ।"

रणबहादुरले घरमा काम गर्ने सक्ने सदस्यको कमी रहेको बताउँदै भएको बारी बेच्ने योजना बनाएको बताउनुभयो । "छोराछोरी साना छन् । घरबारी बिक्री गर्न चाहे पनि खरिद गर्ने कोही छैनन् ।

सबैले गाउँ छाडेपछि किन्ने मान्छे पनि पाइँदैन", उहाँले भन्नुभयो । खदी गाउँका अधिकांश परिवारमा रणबहादुरको कथा छ। वडा नं ३ का करविर परियारले काल्जुराको घर छाडेको आठ वर्ष भएको बताउनुभयो। "बसोबास नभएपछि पुर्खाको घर भत्केको छ", उहाँले भन्नुभयो, "काम गर्ने जनशक्ति नभएपछि अहिले थोरै क्षेत्रफलमा खेतीपातीसँगै बाख्रापालन गरेको छु।"

सबैले घर छाडेपछि भत्किएका घरमा बाँदरको रजाइँ छ । बाबु, बाजेले रगतपसिना बगाएर जोहो गरेको पुर्ख्यौली ठाउँमा शिक्षा, स्वास्थ्य, रोजगारीलगायत अवसर सृजना गरी युवा पलायनदर रोक्नुपर्ने स्थानीय बताउँछन् । खदी गाउँ पर्यटकीय सम्भावनाले भरिपूर्ण छ । यहाँबाट झारमारे लेक, जलजला, सिस्ने हिमाल र चित्रिपाटनको दृश्यावलोकन गर्न सकिन्छ। गाउँलाई व्यवस्थित गरी अवसर सृजना गर्न सके आन्तरिक तथा बाह्य पर्यटक भित्र्याएर आर्थिकस्तर सुधार गर्न सकिने स्थानीयको भनाइ छ।रासस

# वडाको कामसँगै किवीखेतीमा व्यस्त वडाध्यक्ष थापा

गलकोट। बागलुङ नगरपालिका-९ तित्याङका वडाध्यक्ष राजु थापा व्यावसायिक रूपमा फलफूलखेती थानुभएको छ। जिल्ला सदरमुकाम बागलुङ बजारसँग जोडिएको तित्याङमा सागसब्जी र सुन्तलाखेती गरेर सफल किसानको परिचय बनाउनुभएका उहाँले किवीखेती थाल्नुभएको हो ।

तीन वर्षअघि किवीखेती थाल्नुभएको उहाँलाई उत्पादन बेच्न भ्याइनभ्याइ छ। गाउँका अन्य किसानका लागि प्रेरणा बन्नुभएका उहाँले यो वर्ष सय बोटबाट छ सय क्विन्टल किवी उत्पादन भएको बताउनुभयो। उहाँले किवीसँगै कागती पनि फलाउनुभएको छ। जनप्रतिनिधि भइसकेपछि कोदो र धानखेतीमा लाग्न आफूले समय व्यवस्थापन गर्न नसकेको बताउनुभयो। वडाध्यक्ष थापाका बारीमा एक सय ५० कागती र ५० सुन्तलाका बोट छन्।

दैलेखबाट रु तीन सय ३० मा एउटा बिरुवा खरिद गरेर ल्याएको जानकारी दिँदै वडाध्यक्ष थापाले बृहत् रूपमा किवीखेती गर्ने चाहना सुनाउनुभयो। किवीका लागि अस्थायी थाक्रो व्यवस्थापन गर्नुभएका थापाले किवी बजार पठाएपछि फलामबाट बनाइएको थाक्रो राख्ने योजना बनाएको बताउनुभयो। हाल स्थानीय बजारमा प्रतिकेजी रु दुई सय ५० देखि रु तीन सयमा किवी बिक्री हुँदै आएको छ। किवी बेचेर आफूले हालसम्म रु दुई लाख आर्जन गरेको बताउनुभयो।

गत वर्ष प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन गर्ने सिलसिलामा तित्याङको खानीगाउँमा दुई हजार छ सय ओखर एक सय ४० रोपनी जग्गामा लगाइएको थियोभने यो वर्ष नगरपालिकाले किम्बोट क्षेत्रमा ओखर लगाउन रु १२ लाख बजेट विनियोजन गरेको वडाध्यक्ष थापाले जानकारी दिनुभयो। अलैँची पकेट क्षेत्र विस्तारका लागि रु १५ लाख बजेट विनियोजन भएको छ। साथै वडा नम्बर ९ तित्याङको साबिक १, २, ३, ४ र ५ वडामा अलैँचीखेती प्रारम्भ भएको छ।रासस

# पूर्वी नाकाबाट रु पाँच अर्बभन्दा बढीको भेनियर र प्लाईबोर्ड निर्यात



झापा । नेपालमा विदेशी मुद्राआर्जन गर्न र वैदेशिक व्यापार घाटा कम गराउन भेनियर र प्लाई काठको निर्याततले महत्वपूर्ण योगदान पुऱ्याएको छ। पहाडमा हुर्किने उत्तिस, कदम, मौवालगायत कमसल काठ (कु-काठ) बाट भेनियर पत्ती र प्लाइबोर्ड उत्पादन हुँदै आएको छ।

विसं २०७९ साउन १ गतेदेखि २०८१ असोज मसान्तसम्म पूर्वीनाका काँकडभिट्टाबाट रु पाँच अर्ब ९२ करोड पाँच लाख ९२ हजार मूल्य बराबरको भेनियर पत्ती र प्लाइबोर्ड भारत निर्यात भएको मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्रप्रसाद चुडालले बताउनुभयो ।गोलिया काठबाट भेनियर पत्ती उत्पादन हुने गर्दछ भने भेनियर पत्तीबाट प्लाईबोर्ड बनाउने गरिएको छ । नेपालमा भेनियर पत्ती सिधैँ भारत निर्यात हुने गरेको छ भने भेनियर पत्तीबाट प्लाई बोर्ड उत्पादन गरेर निर्यात गर्ने प्लाइउड उद्योगहरु स्थापना भएका छन् ।

पछिल्लो २७ महिनामा काँकडभिट्टा नाकाबाट रु ७३ करोड ६४ लाख ३१ हजार मूल्य बराबरको भेनियर पत्ती र रु पाँच अर्ब १८ करोड ४१ लाख ६१ हजार मूल्य बराबरको प्लाई बोर्ड भारत निकासी भएको प्रमुख भन्सार अधिकृत चुडालले जानकारी दिनुभयो ।चालु आर्थिक वर्षको पहिलो तीन महिनामा काँकडभिट्टा नाकाबाट रु १४ करोड ७१ लाख ३६ हजार मूल्य बराबरको भेनियर पत्ती र रु नौ करोड ९३ लाख ३२ हजार मूल्य बराबरको प्लाई बोर्ड भारत निकासी भएको छ।

नेपाल भेनियर उत्पादक सङ्घका अध्यक्ष दीपक पाण्डेले पहाडमा खेर गइरहेको कुकाठ बिक्रीबाट किसानको आयस्तर वृद्धि गर्न, मुलुकभित्रै रोजगारीको अवसर सिर्जना गर्न, विदेशी मुद्राआर्जन गरी वैदेशिक व्यापार घाटा न्यूनीकरण गर्न र राज्यलाई ठूलो मात्रामा राजस्व बुझाएर अर्थतन्त्रलाई बलियो बनाउन भेनियर उद्योगले महत्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभयो ।

हाल नेपालमा एक सय २० भन्दा बढी संख्यामा भेनियर उद्योग सञ्चालनमा रहेको र त्यसबाट आठ हजारभन्दा बढीलाई प्रत्यक्ष रोजगारी उपलब्ध भइरहेको उहाँले जानकारी दिनुभयो । झापामा सबैभन्दा बढी ३८ वटा भेनियर उद्योग स्थापना भएका छन् ।भेनियर पत्तीबाट प्लाईबोर्ड बनाउन नेपालभर ८० वटा प्लाईउड उद्योगहरु स्थापना भएका छन् । प्लाईउड उद्योगहरुले आफुलाई आवश्यक पर्ने कच्चा पदार्थको ८० प्रतिशत आपूर्ति गर्नका लागि उद्योगभित्रै एक सयभन्दा बढी भेनियर मेसिन जडान गरेका छन् ।

काँकडभिट्टा, विराटनगर र भैरहवा नाकाबाट यी सामानको भारत निर्यात हुँदै आएको छ । बिगतमा भारतबाट आयात गरेर माग धान्नुपर्ने अवस्था रहेकामा हाल भेनियर र प्लाईबोर्डमा नेपाल आत्मनिर्भर मात्र भएको छैन, निकासी गर्ने मुलुक बनेको उहाँको भनाइ छ। नेपाल भेनियर उत्पादक सङ्घका सचिव सञ्जीव बर्मा विदेशी मुद्रा भित्र्याउने र राजस्व अभिवृद्धिमा योगदान पुऱ्याउने भेनियर उद्योगप्रति राज्यको नीति सकारात्मक हुनुपर्ने र प्रोत्साहनको वातावरण बनाउनुपर्ने बताउनुहुन्छ।

हाल भेनियर पत्ती भारत निकासी गर्दा प्रति केजी रु छका दरले भन्सार महसुल बुझाउनुपरेको उहाँले बताउनुभयो । जबकि, सरकारले प्लाईबोर्डको भारत निकासीमा शून्य भन्सार महसुल कायम गरेको छ। नेपाल भेनियर उत्पादक सङ्घले भेनियर उद्योगप्रतिको विभेदकारी नीति हटाउन र भन्सार महसुल घटाउन पटकपटक माग गरिरहे पनि सुनुवाइ नभएको बर्माले गुनासो गर्नुभयो ।रासस

# बाँकेमा कोदोखेतीको सफल परीक्षण

जानकी। बाँकेमा कोदोखेतीको सफल परीक्षण गरिएको छ। सामुदायिक जिन बैंक सञ्जालले बैजनाथ गाउँपालिका-१ चिसापानीस्थित गाभर भ्यालीमा कोदोखेतीको सफल परीक्षण गरेको हो। बैजनाथको चिसापानीमा गत साउनमा रोपिएको कोदो अहिले लहलह झुलेको छ।

पहाड र हिमालको चिसो मौसममा मात्रै उत्पादन हुने कोदोको गर्मी हुने तराईमा सफल खेती गरिएको हो । "हामी दैलेखबाट बसाइ सरी बाँके आएको झण्डै दुई दशक भयो, अहिलेसम्म यहाँ कोदोखेती भएको देखेको थिइन", बाँके सैनिकका रामबहादुर बुढाले भन्नुभयो, "गाभर भ्यालीमा कोदो फलेको देखेपछि मलाई पनि खेती गर्न मन लागेको छ।"

सामुदायिक जिन बैंक सञ्जालका संयोजक पुरमल बस्नेतका अनुसार डेढ कट्ठाभन्दा बढी जग्गा भाडामा लिएर कोदोका विभिन्न प्रजातिको बिउ परीक्षणका लागि रोपिएको थियो । उहाँले भन्नुभयो, "एक/दुई प्रजातिबाहेकका प्रजातिको सफल खेती भएको छ ।रासस


## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०७/२९ गतेको जनकपुर टेडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

### तपसिल

**क.सं. १.**

**ऋणीको विवरण**

**नाम : मुस्कान कृषि तथा पशु फार्म**
दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट
दर्ता नं. : ९१५७/१४५७/२५०/७६८, दर्ता मिति : २०७७/१२/२६
रजिष्टर्ड कार्यालय : गौर -४, रौतहट
**संचालक/प्रोप्राइटर : कमलेस सहनी**

**नाम : कमलेस सहनी**
बाबुको नाम : कोदै सहनी, बाजेको नाम : सरजुग सहनी
ठेगाना : गौर -७, रौतहट
ना.प्र.प.नं. : ११८७, जि.प्र.का. रौतहट, जारी मिति : २०५९/०८/१६
**शाखा कार्यालय : गौर**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : कमलेस सहनी**
बाबुको नाम : कोदै सहनी
बाजेको नाम : सरजुग सहनी
ठेगाना : गौर -७, रौतहट
ना.प्र.प.नं. : ११८७, जि.प्र.का. रौतहट,
जारी मिति : २०५९/०८/१६

**२. नाम : हेमचली देवी**
पतिको नाम : कोदै सहनी
ससुराको नाम : सरजुग सहनी
ठेगाना : टिकुलिया -३, रौतहट
हाल : गौर -४, रौतहट
ना.प्र.प.नं. : १७८, जि.प्र.का. रौतहट
जारी मिति : २०४६/०२/२५

**३. नाम : कोदै सहनी**
बाबुको नाम : सरजुग सहनी
बाजेको नाम : फुलो सहनी
ठेगाना : गौर -४, रौतहट
ना.प्र.प.नं. : ४१४-८६८९०३४८
जि.प्र.का. रौतहट
जारी मिति : २०३६/०४/१०

**४. नाम : रिता देवी**
पतिको नाम : कमलेस सहनी
ससुराको नाम : कोदै सहनी
ठेगाना : गौर -४, रौतहट
ना.प्र.प.नं. : ३२-०१-७८-०७५७०
जि.प्र.का. रौतहट
जारी मिति : २०७८/०६/२४

**धितोको विवरण**

१. कोदै सहनीको नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता कायम रहेको पुरेनवा -७, रौतहट स्थित कित्ता नं. १२४९, १५५३, ४०४१ र ८९५ को क्षेत्रफल क्रमशः ०-०-११, ०-१-१, ०-०-१.५ र ०-०-१२ (विगाह) भएको जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. हेमचलि देवीको नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता कायम रहेको पुरेनवा -७, रौतहट स्थित कित्ता नं. १६२ र ३३६६ को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-१२ (विगाह) भएको जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. २.**

**ऋणीको विवरण**

**नाम : शिवशंवकर मुखिया बिन**
बाबुको नाम : रामानन्द मुखिया बिन, बाजेको नाम : सुब्दार भगत
ठेगाना : सुर्जाहा - २, पर्सा, हाल : पाकहामैनपुर - २, पर्सा
ना.प्र.प.नं. : ३४-०१-६९-२९५२, जि.प्र.का. पर्सा, जारी मिति : २०६९/०८/१०
**शाखा कार्यालय : पोखरीया**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : भागमति देवी बिन**
पतिको नाम : रामानन्द मुखिया बिन
ससुराको नाम : गृर्जा बिन
ठेगाना : सुर्जाहा - २, पर्सा
हाल : पाकहामैनपुर - २, पर्सा
ना.प्र.प.नं. : ३४१०८०/१८०
जि.प्र.का. पर्सा
जारी मिति : २०६७/०५/२५

**२. नाम : रामानन्द मुखिया बिन**
बाबुको नाम : गृर्जा बिन
बाजेको नाम : सुब्दार भगत
ठेगाना : सुर्जाहा - २, पर्सा
हाल : पाकहामैनपुर - २, पर्सा
ना.प्र.प.नं. : ९१५५१८१६
जि.प्र.का. पर्सा
जारी मिति : २०५७/०३/०५

**धितोको विवरण**

रामानन्द मुखिया बिनको नाममा मालपोत कार्यालय पर्सामा दर्ता रहेको प्रसौनीभाठा - १, पर्सा स्थित कित्ता नं. १७० को क्षेत्रफल ०४९१.६० ब.मी को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. ३.**

**ऋणीको विवरण**

**नाम : पंकज राय यादव**
बाबुको नाम : रामवावु राय यदव, बाजेको नाम : लक्ष्मी नारायण यादव
ठेगाना : गौर - ७, रौतहट
ना.प्र.प.नं. : ३२-०१-७२-०१७३८, जि.प्र.का. रौतहट, जारी मिति : २०७२/०३/१५
**शाखा कार्यालय : गौर**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : रामबाबु राय यादव**
बाबुको नाम : लक्ष्मी नारायण यादव
बाजेको नाम : चुलन यादव
ठेगाना : टिकुलिया - १, रौतहट
हाल : गौर - ७, रौतहट
ना.प्र.प.नं. : ३२५, जि.प्र.का. रौतहट
जारी मिति : २०४५/०२/१४

**२. नाम : सुशिला देवी**
पतिको नाम : राम बाबु राय यदव
ससुराको नाम : लक्ष्मी नारायण यादव
ठेगाना : टिकुलिया - १, रौतहट
हाल : गौर - ७, रौतहट
ना.प्र.प.नं. : २२६, जि.प्र.का. रौतहट
जारी मिति : २०४६/०२/२५

**धितोको विवरण**

पंकज राय यादवको नाममा मालपोत कार्यालय रौतहटमा दर्ता रहेको देवाही - २, रौतहट स्थित कित्ता नं. ९७६ को क्षेत्रफल ०-५-४ (विगाहा) जग्गा, सो जग्गामा बनेको घर तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ। लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ। साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ। तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८१ मंसिर ०५ गते बुधबार बैंकिङ्ग कारोबार समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८१ मंसिर ०६ गते बिहीबार ३:०० बजे ।**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालयः सनराईज बिजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६, फ्याक्स नं. ०१-४५१३५२६

# विद्यापति स्मृति दिवसः साहित्य रचनाहरुको थप खोज र अनुसन्धानको आवश्यकता

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले विद्यापतिको स्मृतिमा चर्चा गर्दै विद्यापतिका अनेकन कविता, रचनाहरु रहेकाले यसबारे थप खोज र अनुसन्धानको आवश्यकता रहेको बताएका छन् ।



जनकपुरधाममा बुधबार विद्यापति स्मृति पर्व २०८१ को अवसरमा आयोजित कार्यक्रममा पूर्वउपप्रधान तथा गृहमन्त्री निधिले विद्यापतिका हरेक रचनाले सामाजिक परिवर्तन, शासकीय सुधार तथा राजनीतिक परिवर्तनको पक्षमा रहेको भन्दै त्यसबारे थप खोज र अनुसन्धान गर्न आवश्यक रहेको बताए ।

विद्यापतिको व्यक्तित्व तथा कृतित्वका विषयमा प्रवचन कार्यक्रममा नेता निधिले विद्यापति ब्राह्मण ठाकुर परिवारमा जन्म लिए पनि सामाजिक परिवर्तनका लागि भाषा एवं साहित्यलाई सर्वस्वीकार्य बनाउन सरल मैथिलीमा सयौं रचनाहरु लेखेको स्मरण गरे ।

मैथिली साहित्यका कवि कोकिल, महाकवि, एवं साहित्यकार विद्यापतिको स्मृति दिवसको अवसरमा बोल्दै नेता निधिले विद्यापतिका रचनाको प्रभावका कारण काठमाडौं उपत्यकाको प्रमुख कामकाज तथा बोलिने भाषाको रुपमा मैथिली भएको इतिहासले देखाएको बताए ।

अहिले विद्यापतिको रचना र महिमाको चर्चा नेपाल र भारतमा हुँदै आएको बताउँदै उनले भने, ‘ जतिबेला भारत र नेपाल भन्ने देश थिएन, त्यतिबेला देखि नै विद्यापतिको चर्चा हुँदै आएको छ ।’ नेता निधिले भने, ‘राजा र राजपरिवारलाई शासन गर्न प्रेरित गर्ने कुशल विज्ञको काम पनि विद्यापतिले गर्नु भएको छ ।’ उनले विद्यापतिलाई कविता, रचना र गीतकारका रुपमा मात्र स्मरण गरिए अपूर्ण हुने बताए ।

त्यस्तै साहित्यकार तथा लेखक रोशन जनकपुरीले विद्यापतिको समग्र व्यक्तित्व तथा कृतित्वमाथि प्रकाश पार्दै विद्यापतिको रचनाको प्रभाव मिथिला संस्कृतिमा मात्र नभई थारु, नेवारी, बंगाली, उर्दु, संस्कृति तथा अन्य भाषामा पनि रहेको बताए ।

साहितकार जनकपुरीले विद्यापतिलाई कुनै एकजाति विशेषभन्दा समाजिक अभियन्ता र समाज सुधारकको रुपमा अघि बढाउनका लागि सबैसंग आग्रह गरे ।

विद्यापति व्यापक भएको बताउँदै उनले देवता, जातिको घेराभन्दा बाहिर निकालेर उनको सर्वव्यापकताको प्रचारप्रसारको आवश्यकता रहेको बताए ।

महाकवि विद्यापतिले पाँच सय भन्दा बढी रचना लेखेका छन् ।

# अध्यक्ष लामिछानेलाई म्याद थपे अनसन बस्ने चेतावनी

**अनिल तिवारी**

वीरगञ्ज । राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेलाई अदालतले फेरि म्याद थप गरेमा आफूहरु अनसनमा बस्ने सरकारलाई चेतावनी रास्वपा पर्सा कमिटीले दिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी पर्साले अध्यक्ष लामिछानेलाई पुनः म्याद थपेर हिरासतमा राख्ने प्रपञ्च गरिए अनसनमा बस्ने चेतावनी सहितको ज्ञापनपत्र दिएको छ । रास्पाको स्थानीय नेता तथा कार्यकर्ताले पर्साका प्रमुख जिल्ला अधिकारी मार्फत बुधबार प्रधानमन्त्री कार्यालयलाई ज्ञापन पत्र पठाएको छ ।



रास्वपा पर्साले वीरगञ्जको घन्टाघरबाट बृहत र्‍याली प्रर्दशन गर्दै वीरगञ्ज महानगरको परिक्रमा पछि जिल्ला प्रशासन कार्यालय पर्सामा प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीको कार्यालयलाई ज्ञापनपत्र पठाएको छ ।

रास्वपा पर्सा जिल्ला सभापति हरी पन्तको नेतृत्वमा निस्केको जुलुसमा रबि लामिछाने निर्दोष भए पनि हत्कडी लगाएको फोटो देखाउँदै बजार परिक्रमा गरेको थियो ।

जुलुसमा नेकपा एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको फोटोमा मुखुण्डो बनाएर हिड्न लाग्दा प्रहरीले हस्तक्षेप गरेपछि वीरगञ्ज बजारमा केही समयका लागि तनाव उत्पन्न भएको थियो ।

# ‘सरकार ठोस कार्यक्रम साथ अघि बढिरहेको छ’

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले नगरक्षेत्रका नीजि र सामुदायिक विद्यालयमा कक्षा ६ देखि १२ सम्मका १२ हजार ९ सय ७४ जना छात्राहरुलाई एकै साथ आत्मारक्षाका लागि प्रशिक्षण कार्यक्रम गरेको छ ।



वीरगञ्जको आदर्शनगरस्थित रंगशालामा भारतका ख्यातिप्राप्त मार्शल आर्ट प्रशिक्षक डा.चिता यजनेश शेट्टीले छात्राहरुलाई प्रशिक्षण दिएका छन् ।

वीरगञ्ज महानगरपालिकाको आयोजना तथा नेपाल भारत सहयोग मञ्चको समन्वयमा सम्पन्न तालिमको आज एक कार्यक्रमका बिच खानेपानी मन्त्रि प्रदीप यादवले उद्घाटन गर्दै सरकारले महिला सशक्तिकरणका लागि दिर्घकालिन रुपमा ठोस कार्यक्रम सञ्चालन गर्ने बताए ।

मन्त्री यादवले वीरगञ्ज महानगरपालिकाले एकसाथ नगरक्षेत्रका १२ हजार ९ सय ७४ छात्राहरुलाई तालिम दिएर गिनिज बुक अफ वर्ल्ड रेकर्डमा आफ्नो नाम दर्ता गर्न लागेकोमा खुशी व्यक्त गर्दै तालिमले छात्राहरुलाई आत्माविश्वास बढाउने बताए ।

नेपालमा भारतका ख्यातिप्राप्त प्रशिक्षक आएर निशुल्क रुपमा तालिम दिदा दुई देश बीचको सम्बन्ध थप मजबुत बन्ने दाबी गर्दै सरकारले महिलालाई सशक्तिकरण गरी सक्षम बनाउने नीति लिएको उनको भनाइ छ ।

खानेपानी मन्त्री यादवले मधेसमा महिला हिंसाका घटना बढिरहेको बेला तालिमले अब महिला हिंसा सहन नसक्ने र सोको प्रतिकार गर्न सक्षम छन् भन्ने सन्देश समेत दिएको दाबी गरे ।

कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले छात्राहरुलाई दिएको तालिम शुरुवात मात्रै भएको बताउँदै अब सामुदायिक तथा नीजि विद्यालयमा प्रत्येक हप्ताको शुक्रबार आत्मरक्षाको लागि मार्शल आर्टस् सम्बन्धमा तालिम दिइने बताए ।

मेयर सिंहले आजको मितिसम्म वीरगञ्ज महानगरपालिकामा तालिम लिनका लागि १५ हजार १ सय छात्राहरुले नाम दर्ता गराएकोमा १२ हजार ९ सय ७४ जनाको फारम गिनीज बुक अफ वर्ल्ड रेकर्डमा पुगिसकेको जानकारी दिए ।

यसअघि भारतको आग्रा स्थित एक स्थानिय तहले एकसाथ ७ हजार ४ सय १ जना छात्राहरुलाई आत्मारक्षाको तालिम दिएर वर्ल्ड रेकर्ड बनाएको थियो ।

> खानेपानी मन्त्री यादवले मधेसमा महिला हिंसाका घटना बढिरहेको बेला तालिमले अब महिला हिंसा सहन नसक्ने र सोको प्रतिकार गर्न सक्षम छन् भन्ने सन्देश समेत दिएको दाबी गरे ।

सो अवसरमा मेयर सिंहले आफूले निर्वाचनको बेला वीरगञ्जका महिलाहरुलाई मध्यरातमा पनि निर्धक्कसंग हिड्नसक्ने वातावरण बनाउने प्रतिबद्धता अनुसार महिला र किशोरीहरुको मनोबल बढाउनका लागि आत्मरक्षाको तालिम शुरुवात गरेको बताए ।

कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका उपमेयर इम्तियाज आलमले महिला दिदीबहिनीहरुले आत्मरक्षाका लागि सहभागी हुने हिम्मत जुटाएको धन्यवाद दिँदै तालिममा धेरै कुरा सिक्ने र आफ्नो सुरक्षा आफैले गर्न सक्ने क्षमता प्राप्त गर्ने उपायको बारेमा जान्ने बताए ।

तालिमका मुख्य प्रशिक्षक डा. यजनेश चित्ता सेट्टी अर्थात मास्टर चित्ताले महिला तथा किशोरीहरुलाई दिईने यो प्रशिक्षण भगवानलाई पूजा गरेको भन्दा धेरै आशिर्वाद पाए जस्तो हुने बताए ।

महानगरपालिकाका मेयर सिंहको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिनिधिसभा सदस्य प्रभु हजरा, बिना जयसवाल, प्रदेश सांसद बिणा शर्मा, पूर्वप्रदेश सांसद जन्नत अन्सारी पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, प्रहरी उपरीक्षक कुमोध ढुंगेल, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, भारतीय महाबाणिज्य दुत देबी सहाय विणा लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले स्वागत गरे ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८